नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०६७ भाद्र पूर्णिमा/कतिं पुन्हि- वर्ष ३८ अंक ६
बु.सं. २५५४ ने.सं. ११३०

The Ananda Bhoomi (Year 38, Vol. 6)
A Buddhist Monthly :October/Nov 2010

*प्रमुख सल्लाहकार:*
**भिक्षु कुमार काश्यप महास्थविर** (प्रमुख, आ. कु. वि.)
**भिक्षु मैत्री महास्थविर** (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकार:*
**भिक्षु धर्ममूर्ति** (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
**भिक्षु सरणंकर**
आनन्द कुटी विहार, ४२७१४२०

*वितरण तथा अर्थ*
**भिक्षु पियदस्सी, भिक्षु नारद**

*लेखा व्यवस्थापन:*
**भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन**
स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्*
**विनोद महर्जन**

*सम्पादक/प्रकाशन संयोजक:*
**कोण्डन्य**
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरु:***

बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), ।

*मुद्रण:*
**आईडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोन: २१२०२३५

*प्रकाशक:*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोन: ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**सब्बे तसन्ति दण्डस्स – सब्बे भायन्ति मच्चुनो ।**
**अत्तानं उपमं कत्वा – न हनेय्य न घातये ॥**

***अर्थात् : दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्दछन् । त्यसकारण सबै प्राणीलाई आफूजस्तै संझी तिनको हिंसा नगर्नू, नगराउनू ।***

सकल प्राणीपिं दण्ड खनाः ग्याः, सकलें सी खनाः ग्याः । अथेजुया सकल प्राणीपिन्त थः समान भाःलपाः घात याये मते, याके नं मते ।

All men tremble at punishment, all men fear death; remember that you are unto them, and do not kill, nor cause slaughter.

**– धम्मपद, १२९**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोन: ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

## सम्पादकीय

# धर्मको नाउँमा हिंसा बलि त्यागौं

नेपालमा धर्म र संस्कृतिको नाउँमा सबैभन्दा बढी पशुपंक्षी बलिदिने हिंसा, काटमार कार्य दसैंमा हुने गदर्छ भन्ने कुरा भरखरै विगतमा झैं भोग्यौं । हो अवश्य पनि दसैं कसैका लागि सुखको रूपमा बिते होलान् त कसैका लागि दशाजस्तै भए होलान् । त्यसैले दसैंलाई मोहनी नखः भन्ने गरिएझैं त्यही दसैं कसैलाई बहनी ( रात) जस्तै भएन कसरी भन्ने ?

भरखरै सकियो दशैं, चाहे दसैंको रूपमा वा दशाको रूपमा यसपालिको दशैं सकियो । विगतमा झैं धर्म र संस्कृतिको नाउँमा बलिप्रथा-पशुवध गर्ने चलनलाई निरन्तरता दिने कार्य गर्नेले गरे । तर धर्मप्राप्तिको नाउँमा, द्यौतालाई खुशी पार्ने कामलाई कहिलेसम्म निरन्तरता दिने यो अति संवेदनशील प्रश्न हो । धर्मको नाउँमा हिंसाकर्म वा बलिप्रथालाई निरन्तरता दिनु सही वा गलत यसमा विचार विमर्श गरिनुपर्छ । पुनर्विचार गर्दै अगाडि बढ्ने जमर्को हामी आफैले गर्ने पर्छ । वस्तुतः हामीले विश्वपरिवेशलाई मध्यनजर गरी, समयको परिवर्तनसँगै रचनात्मक सोचलाई समेट्ने हो भने प्रतिकूल तथा अनावश्यक संस्कृति तथा परम्परालाई सनै सनै विस्तारै भएपनि एकपछि अर्को गर्दै परिमार्जित गर्दैजानु बुद्धिमत्तापूर्ण कदम हुनसक्छ । समाजलाई उल्टो दिशातिर मोड्ने धर्मसंस्कृतिको अन्त्य गरिनु र गर्न प्रोत्साहित गर्नु समष्टिगत सुखकर शान्तिकर विषय हुनसक्छ । आज समय परिस्थिति परिवर्तन हुँदै कहाँ पुगिसकेको छ, मूल्यांकन गर्दै अगाडि बढ्नु स्वाभाविक प्रकृया हुनसक्छ ।

वर्तमान नेपालमा अद्यावधि चलनचल्तीमा हामीले देख्दै-भोग्दै गरेका कयौं विधिव्यवहारमा वास्तविक धर्मको मर्मलाई असुहाउँदो कयौं रीतिथितिमा आबद्धता अझै हराएका छैनन् । समय परिस्थिति, समयसापेक्षित तरहले परिमार्जित परिष्कृत भएर अगाडि नबढ्ने, परम्पराको ढोंग रचेर कट्टरपनालाई मात्र बढावा दिंदै अगाढि बढ्नु भोलि स्वयं आफ्नै लागि घातकसिद्ध हुने हो या फलिफाप हुने हो ? यतातिर सम्बद्ध सबैको ध्यानाकृष्ट हुनु अपरिहार्य भइसकेको छैन र ?

वास्तवमा हामीलाई धर्म, संस्कृति, परम्परा, रीतिरिवाज आदि सामाजिक रूपमा जीवन यापन गर्न अपरिहार्य पक्ष हुन् । यस किसिमका जीवन शैलीले मानिसलाई मानसिक सुखशान्ति तथा आध्यात्मिक आनन्दको अनुभूति हुनसक्छ । धर्म र संस्कृतिको बहानामा देवदेवीस्थल वा शक्तिपीठहरूमा पनि सश्रद्धापूर्वक पूजा गर्न पुग्छन् । तर मन्दिर वा देवस्थल वा शक्ति पीठमा गई दुःख, पीडा र अशान्तिबाट छुट्कारा प्राप्त हुन्छ भनी निर्दोष पशुपंक्षीलाई साधन बनाई बलिदिनु विडम्बनाको विषय हो कि होइन, यो बहसको विषयभन्दा पनि आत्मसात गर्नैपर्ने विषय हो ।

वस्तुतः कुनैपनि धर्मगुरू, धर्मशास्त्रले कसैको हिंसा गर, बध गर, बलि चढाऊ अनि धर्म प्राप्त हुन्छ भनेर यथार्थतः हामीलाई सिकाएकै हुन् त ? जीवित प्राणीको हिंसाकार्यबाट रगत पिउन उद्यत द्यौता कस्तो द्यौता होलान् ? बलिप्रथाको अपेक्षा गर्ने देवदेवी कस्ता होलान् ? यसउसले बलिप्रथालाई प्रश्रय दिई धर्मको अपव्याख्या गर्नेहरूले अब पुनर्विचार गर्ने बेला आएको छ । हामीलाई कसैले तिमीहरूको धर्मसंस्कृतिमा मार्नु नै धर्म हो भने के गरे पाप होला नि भनी प्रश्न गरे हामीले कुन मुखले जवाफ दिने ? नाजवाफी हुँदैन ?

अद्यावधि देवदेवीको बहानामा पेट भर्ने अनि आफू पापबाट चोखिने झूठा कथाहरूलाई कहिलेसम्म डोऱ्याएर अघि बढ्ने? चारैतिर धर्म-संस्कृतिको नाउँमा हिंसामय बलिप्रथालाई अंगाली हिंसामैं रमाउँदा त्यस किसिमको हत्याहिंसात्मक दृश्यले हामीलाई विक्षिप्त बनाउँछ, विक्षिप्त मानसिकताले शान्ति र आध्यात्मिक सुखको अनुभूति कसरी गर्ने ? यसउसले धर्मको नाउँमा बलिप्रथालाई निस्तेज पारिनु राज्यको दायित्व भएको छ । राज्य एवं प्रशासनले समेत बलिप्रथालाई अन्त्य गर्न रचनात्मक पहल गर्नै पर्छ । नयाँ संविधानमैं सस्कृति र धर्मको नाउँमा बलिप्रथालाई अन्त्य गरिनुपर्ने स्पष्ट कानूनी विधान लेखिनु र विधि व्यवहारमा अनिवार्य रूपमा उतार्न उद्यत गराउनु सबैका लागि सुखशान्तिको विषय हुनेछ ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | अरुलाई दोष लगाउने व्यक्तिमा हुनुपर्ने गुणहरु | संघउपनायक भिक्षु अश्वघोष महास्थविर | ५ |
| २. | सत्यहरु थिए, सत्यहरु छन्, सत्यहरु रहनेछन् | डा. गणेश माली | ६ |
| ३. | ध्यानको लक्ष्य शीलाचरण मजबूत पार्नु | लोक बहादुर शाक्य | ७ |
| ४. | अशोकको शस्त्रपरित्याग दिवस र लुम्बिनी दिवस | बखत बहादुर चित्रकार | ९ |
| ५. | भिक्षुले पालन गर्नुपर्ने विनय-नियम सरहका शीलहरु | दुण्ड बहादुर बज्राचार्य | १२ |
| ६. | पालि त्रिपिटकमा आउने साम्प्रदायिक वर्गिकरण... | भिक्षु सरणंकर | १७ |
| ७. | भन्ते भिंतुना | दुर्गालाल श्रेष्ठ | २० |
| ८. | नेपाल पहिलो त्रिपिटकाचार्य | केशरी बज्राचार्य | २० |
| ९. | दान पारमिता | आचार्य भिक्षु कुमार काश्यप | २१ |
| १०. | Socio-economic development ..... | Shanker L. Chaudhary | २३ |
| ११. | बौद्ध गतिविधि | | २६ |


## २०६७ को वर्षमा कथिन उत्सव हुने विहारहरु

| कार्तिक | बार | तिथि | विहार |
|---|---|---|---|
| ६ गते | शनि | कतिंपुन्ही | पूर्वाराम विहार, धुलिखेल |
| ७ गते | आइत | १ | आनन्दकुटी विहार, स्वयम्भू |
| ८ गते | सोम | २ | प्रणिधिपूर्ण विहार, बलम्बु |
| ९ गते | मंगल | ३ | ध्यानकुटी विहार, बनेपा |
| १० गते | बुध | ४ | विश्वशान्ति विहार, नयाँ बानेश्वर |
| ११ गते | विही | ५/६ | संघाराम विहार, ढल्को |
| १२ गते | शुक्र | ७ | चतुब्रह्म विहार, मातातीर्थ |
| १३ गते | शनि | ८ | मणिमण्डप, विहार/ध्यान केन्द्र, शंखमूल |
| १४ गते | आइत | ९ | सुमङ्गल विहार, लुँखुसि |
| १५ गते | सोम | १० | धम्मावास विहार, खुसिबुं |
| १६ गते | मंगल | ११ | खोकना |
| १७ गते | बुध | १२ | जल/थेचो |
| १८ गते | विही | १३ | धर्मचक्र आश्रम, बागबजार |
| १९ गते | शुक्र | १४ | बुद्धभूमि, टोखा |
| २३ गते | मंगल | ३ | दोम्बु |
| २४ गते | बुध | ४ | सिद्धिमङ्गल विहार, थसि |
| २५ गते | विही | ५ | शुभमङ्गल विहार, थानकोट |
| २६ गते | शुक्र | ६ | बोधिचर्या विहार, बनेपा |
| २७ गते | शनि | ७ | रत्नविपश्यना विहार/शाक्यसिं विहार |
| २८ गते | आइत | ८ | गणमहाविहार |
| २९ गते | सोम | ९ | पद्मसुगन्ध विहार, मजिपात |
| ३० गते | मंगल | १० | बुद्ध विहार, भृकुटीमण्डप |
| १ गते | बुध | ११ | श्रीघः विहार/धर्मशीला, पोखरा |
| २ गते | विही | १२ | जितवन विहार, थानकोट |
| ३ गते | शुक्र | १३ | ज्ञानकीर्ति विहार/आनन्दभूवन विहार |
| ४ गते | शनि | १४ | एम्पि महाविहार, ललितपुर |

* कुनै विहारमा सबै भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई निमन्त्रणा गरिएको छ भने कुनैमा सीमित संख्यालाई मात्र निमन्त्रणा गरिएको छ ।

## बौद्ध वृद्धाश्रम, बनेपालाई सहयोग प्राप्त

- दिवंगत विन्दुलाल तथा दि. चिनीमाया चित्रकारको पुण्यस्मृतिमा भक्तलाल चित्रकार, मैतीदेवीबाट रू. २०००।- C/O शिशिल चित्रकार ।
- दिवंगत नानी मय्जु ताम्राकारको पुण्यस्मृतिमा अमृतरत्न ताम्राकार, भोटाहिटीबाट रू. १०००।-
- संगम शाक्य, इखालखु, ललितपुरबाट रू. २०००।-
- १५ गते आश्विन, Bank of Asia बाट फलफूल, हर्लिक्स, विस्कुट वितरण ।
- १९ गते, दिवंगत सीतादेवी मानन्धरको स्मृतिमा संघरत्न मानन्धर परिवार, चसानबाट भोजनसहित दानप्रदान
- २३ गते, दिवंगत नानी मय्जु ताम्राकारको पुण्यस्मृतिमा अमृतरत्न ताम्राकार, भोटाहिटीबाट भोजन दान ।

उपरोक्त सहयोगी दाताहरूलाई हार्दिक साधुवाद व्यक्त गरिन्छ । बौद्ध-वृद्धाश्रमको भौतिक पूर्वाधारलगायत अन्य थुप्रै आवश्यकताहरू वा यथाश्रद्धा जो कसैले कुनैपनि रूपबाट सहयोग गर्न चाहने श्रद्धालुहरूलाई बौद्ध-वृद्धाश्रम हार्दिक अनुरोध गर्दछ ।

**सहयोगार्थ सम्पर्कका लागि**

बौद्ध वृद्धाश्रम, बनेपा, फोनः ०११-६६२८४९,
बुद्धविहार भृकुटीमण्डप, फोनः ४२२६७०२, मो.: ९८५१०४६१८८

शुभ दीपावली तथा नव वर्ष ने.सं. ११३१ को उपलक्ष्यमा समस्त नेपालीहरुको सुख, समृद्धिको कामनासहित राष्ट्रमा शान्ति कायम रहोस्






न्हूदँ नेपाल सम्वत् ११३१

व स्वन्ति नखःया लसताय्

सकल नेपाःमिपिन्त भिन्तुना लिसें

नेपाः देशय् शान्ति जुइमाः

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

ह्वनाछेँ, पाको, न्यूरोड, काठमाडौं

फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

# अरूलाई दोष लगाउने व्यक्तिमा हुनुपर्ने गुणहरू



✍ संघउपनायक* भिक्षु अश्वघोष महास्थविर

आजकाल आलोचना गर्नेहरू र अरूलाई दोष लगाउनेहरूको संख्या कम छैन । त्यस्तै दोष न आउनेगरी काम नगर्नेहरूको संख्या पनि कम छैन । हुन त निर्दोष व्यक्तिमाथि पनि दोष आउने गर्छ । ईर्ष्याले गर्दा निर्दोष व्यक्तिलाई लांछना लगाउने गरिन्छ । त्यसैले होला बुद्धले "नत्थि लोके अनिन्दितो" अर्थात् निन्दाबाट बच्ने यो संसारमा कोही छैन भनेर भन्नुभएको ।

यसरी नै बुद्धले भन्नुभयो-

**नपरेसं विलोमानि-न परेसं कताकतं,**
**अत्तनोव अवेक्खेय्य-कतानि अकतानि च ।**

अर्थात् - अर्काको दोष वा अरूले के गऱ्यो गरेन भनेर हेर्नुभन्दा आफ्नो दोष र आफूले त्यस्तो दोष हुने काम गरेको छ कि छैन भन्नेतिर ध्यान दिनु उत्तम र राम्रो हुन्छ ।

अर्काको दोष मात्र खोजिरहनुजस्तो खतरा सरूवा रोग बुद्धको पालादेखि चलिरहेको छ, फैलिरहेको छ । त्यसैले बुद्धले भन्नुभएको शान्तिको लागि आफू असल मान्छे बन्नुपर्छ । अर्काको दोष मात्र खोज्नु उचित छैन । यसको मतलब यो होइन कि आमाबाबुले छोराछोरीको गल्ती देखेर पनि चुप लागेर बस्नु र गुरूले चेलाहरूको दोष देखेर पनि चुप लागेर बस्नु । हुन त आमाबाबुको कमजोरी देखेर छोराछोरी पनि चुप लागेर बस्नु र त्यस्तै गुरूको दोष देखेर पनि चेलाहरू चुप लागेर बस्नु उचित होइन ।

जे होस् बुद्धले र सारिपुत्र महास्थविरले देशना गर्नुभएको दोष लगाउनेमा हुनुपर्ने पाँच गुणहरू जानिराख्नु लाभदायक होला, जुन निम्नानुसार छन् :-

१) उचित समयमा दोष लगाउनुपर्छ, जुनै बेलामा पनि दोषको कुरा भन्नु हुँदैन ।

२) सत्य कुरा मात्र भन्नुपर्छ । नभएको असत्य कुरामा दोष लगाउनु हुन्न ।

३) नरम वचनले दोष लगाउनुपर्छ, झोक्किएर भन्नु हुँदैन ।

४) दोषीको भलो गर्ने नियम राखी दोष लगाउनु पर्छ, बिगार्ने नियतले दोषारोपण गर्नु हुँदैन ।

५) मैत्रीपूर्ण चित्तले सम्झाउनु पर्छ, द्वेष चित्तले भन्नुहुन्न ।

उपर्युक्त गुण बिना अरूलाई दोष दिंदा मानिसहरू रिसाउँछन् । कहिलेकाहिँ मेरा आफ्नै शिष्यहरूको दुर्व्यवहार देख्दा उनीहरूलाई गाली गर्दा अथवा अर्ती दिंदा मेरो पनि अलि झोक्किएर भन्ने बानी छ । त्यसबेला एक दुईजना शिष्यहरूले मलाई भन्ने पनि गर्छन्- "अलि नरम भावले सम्झाइ दिनुस् न त्यसरी रिसाएर भन्नु उपयुक्त हुँदैन ।" अनि कसो कसो लाग्छ र राम्रै कुरा भनेको हो भनी महशुस हुन्छ ।

सारिपुत्र महास्थविरले भन्नुएको थियो- "यदि कसैले कसैलाई अन्याय र अधर्मपूर्वक दोष लगाए भने उसलाई सम्झाइदिने कि उनलाई फलानाले जुन दोष लगाएको छ त्यो मिल्दैन, तैपनि नरिसाइकन सहनसके शान्ति हुन्छ, कलह शान्त हुन्छ ।"

"त्यसरी दोष लगाउनेलाई पनि फलानालाई दोष लगाएको ठीक छैन, अफसोच प्रकट गरी गल्ती महशुस गरेर क्षमा माग्नुपर्छ" भनी सम्झाउनु पर्छ ।

लांछना, दोष लगाएको लाई पनि सम्झाइदिने कि उनलाई दोष लगाएको कुरा ठीक हो र उनले गल्ती स्वीकार गर्न सक्नुपर्छ र गल्ती महशुस गर्नु पर्दछ । दोष पाएको व्यक्तिमा दुईवटा कुरा हुनुपर्छ - १) सत्यता, २) रिसालु स्वभाव नुहुनु ।

*गत अंकमा संघउपनायक हुनुपर्नेमा अन्यथा हुन गएकोमा क्षमा याचना गरिएको छ । - सं.

आफूमा लगाएको दोष साँच्चै आफूमा भएको हो कि होइन । यस प्रकारको गल्ती आफूले गरेको छ कि छैन स्मरण गरी गल्ती स्वीकार गर्ने, नभए छैन भनेर अस्वीकार गरिदिने गर्नुपर्छ ।

यी कुराहरू सारिपुत्र महास्थविरले तथागत बुद्धलाई भन्नुहुँदा बुद्धले प्रत्युत्तरमा भन्नुभयो- सारिपुत्र ! तिमीले त्यसरी बताएता पनि अज्ञानी अशिक्षितहरूले यस्ता कुरालाई मान्दैनन् र सुन्दैनन् ।

त्यसपछि भिक्षु सारिपुत्रले भन्नुभयो- "अश्रद्धाले, पेट पाल्नको लागि मात्र भिक्षु बन्न आउने, अशिक्षित अहंकारीहरूले मात्र यस्ता राम्रा कुरा सुन्दैनन् र रिसाउँछन् । श्रद्धापूर्वक भिक्षु बन्न आएकाले त यस्ता कुरालाई मान्छन् भने अनुशासित पनि हुन्छन् ।"

गौतम बुद्धले भन्नुभयो- तैपनि अशिक्षित छलकपटी भई अश्रद्धाले भिक्षु बन्न आउनेहरूलाई अर्ती नदिनु बेश छ । उनीहरूले उल्टो अर्थ लगाउँछन् । त्यस्ताहरू ठीक समझदारी भएको कुरा सुन्न तयार हुँदैनन् र रिसाउँछन् । त्यसैले शिक्षित र ज्ञानी भिक्षुहरूलाई मान्न अर्ती दिने गर ।

आनन्द भिक्षुलाई आफ्नो स्थायी सेवकको रूपमा बुद्धले नियुक्त गर्ने बेला बुद्धलाई नातावादको आरोप लगाएका थिए भिक्षुहरूले । आनन्दले पनि दोषारोपणबाट मुक्त हुनलाई आफू बुद्धको सेवक बन्नुभन्दा अगाडि नै निम्नलिखित शर्त राखेका थिए-

१) बुद्धलाई प्राप्त भएको मिठो खाना आनन्दलाई नदिने, २) राम्रो चीवर वस्त्र नदिने, ३) बुद्धलाई व्यक्तिगत निमन्त्रणा गरिएको ठाउँमा आनन्दलाई नलैजाने, ४) बुद्ध सुत्ने कोठामा आनन्दलाई नसुताउने, ५) आनन्दले स्वीकार गरेको ठाउँमा बुद्धस्वयं निमन्त्रणामा जानुपर्ने, ६) बाहिरबाट बुद्धको दर्शनार्थ आउने श्रद्धालुलाई जुनसुकै बेला पनि बुद्ध कहाँ लैजान पाउनेपर्ने, ७) आनन्दको अनुपस्थितिमा दिनुभएको उपदेश पुनः आनन्दलाई सुनाउनुपर्ने, ८) जुनसुकै बेला भएपनि आनन्दलाई शंका भएको कुरा सोध्ने मौका पाउनुपर्छ आदि ।

ती शर्तलाई बुद्धले स्वीकार गर्नुभयो र सराहना गर्नुभयो । आनन्दमा यस्ता गुण निहित हुनु दूरदर्शिताको परिचायक हो भनी बुद्धले प्रशंसा गर्नुभयो । ♦

# सत्यहरू थिए, सत्यहरू छन्, सत्यहरू रहनेछन्



✍ डा. गणेश माली

विश्वसँगै शुरू भए अवश्य
गुरूत्वाकर्षण र चालसम्बन्धी सत्यहरू,
तर पर्खिबसे,
दुनियाँसामू उजागर हुन,
कोही न्यूटन र आइन्स्टाइनलाई ।
वैज्ञानिकहरू आउँछन् जान्छन्,
सत्यहरू थिए, छन्, सदैव रहनेछन् ।

(१)

चार आर्यसत्यहरू, प्रतीयत्य समुत्पाद सत्य,
हेतुवाद सत्य, आदि सत्यहरू,
शुरू भए अवश्य विश्व संगै,
तर पर्खि वसे,
दुनियाँको सामू उजागर हुन,
कोही महामानव सम्यक् सम्बुद्धलाई ।
महामानवहरू आउँछन् जान्छन्,
सत्यहरू थिए, छन्, सदैव रहनेछन् ।

(२)

त्यसैले,
विश्वका शाश्वत सत्यहरू,
पर्खिबसेका छन्, बोलाइरहेछन्,
तिनीहरूलाई साक्षात्कार गरी,
आफ्नो जीवन धन्य गराई,
समाजलाई सुधार गर्ने,
मानव मात्रलाई ।

# ध्यानको लक्ष्य शीलाचरण मजबूत पार्नु



✍ लोक बहादुर शाक्य

मनुष्य सामाजिक प्राणी भएकोले समाजसँग अलग रहनु उचित छैन, अनि सम्भव पनि छैन । समाजको निमित्त सक्दो स्वस्थ सहायक भएर रहनु उपादेय तथा सार्थकता जीवनको तरिका हो । फेरि स्वस्थ व्यक्तिबाट नै स्वस्थ समाज सिर्जना हुने रहेछ । अस्वस्थ मान्छेको चित्त असन्तुलन भएर आफू मात्र दुःखी हुने होइन सम्बन्ध भएकालाई पनि नराम्रो वातावरणको असर पर्दो रहेछ । एक एक व्यक्ति स्वच्छ र शान्तचित्त भयो भने घरमा सुखी परिवार हुने अनि समुन्नत तथा शान्तिपूर्ण समाज सिर्जनाको निमित्त सघाउ पुग्नेछ । गतिशील समाजबाट देशको उत्थानमा महत्वपूर्ण भूमिका हुनेछ । विभिन्न मुलुकहरूको भौतिक तथा आध्यात्मिक विकास नै विश्व शान्तिको लागि साधन पनि हुने भयो ।

धर्मको अर्थ सम्प्रदाय होइन । सम्प्रदाययबाट मान्छेलाई अलग पारिदिन्छ । शुद्ध धर्मबाट अलग नराखी सबैसँग मिलेर बस्ने वातावरण विकसित गरी हीन भावना पन्छाएर मनमा रहेका आशंका, उत्तेजना, उद्विग्नता, टाढा राखेर स्वच्छता तथा निर्मलताको भावना विकसित गर्नु अत्यन्त महत्वपूर्ण कदम भएको छ । सच्चा धर्मको चर्याबाट ज्ञान, विवेक, बोधिको अन्तर्चक्षु खुलाएर अन्तर्दृष्टि पारदर्शी हुने भयो । यस पारदर्शी भनेको चित्तको राग, द्वेष, मोह, ईर्ष्या, मात्सर्य, दुर्भावना, दौर्मनस्य, भय, आशंका, मिथ्या काल्पनिक दृष्टि, रूढि परम्पराबाट मुक्त हुने हो । यस शुद्ध धर्म चर्या निरन्तर गरिरहनु नै सफलतापूर्वक मनुष्य जीवन निर्वाह गर्नु हो । यस क्षण भनेको वर्तमान जीवन हो । भूतकालको सुख, दुःख सम्झने अथवा भविष्यको सुखदुःखको आशा आशंकालाई परवाह नराखी यही जीवनमा गर्नु नै सच्चा मानवको जीवन भयो ।

सिद्धार्थ कुमार नेपालमा जन्म भएर सम्यक सम्बोधि प्राप्त गरेर बुद्ध हुनुभएका महापुरुष हुन् । मनुष्य जीवनको सार बुझ्नुभै चित्तका संस्कारबाट मुक्त हुने, परम परिशुद्ध हुने, अनेक बन्धनबाट मुक्त हुने, प्रज्ञा ज्ञान बोध गरेर जीवनभर प्राणीहरूको कल्याणकारी कामकुरो गरी गराई निर्वाह गर्नुभएका महामानव हुन् । यस मंगलमयी विधिको नाम विपश्यना हो । पलपलामा जुन अनुभूत भएर आउने हो त्यसप्रति जागरूक भैरहनु साधकको अभ्यास चर्या महत्वपूर्ण भयो । काय-अनुस्मृति-उपस्थानअनुरूप शरीरको भित्रबाहिर सबै चिन्तन मनन गरेर परीक्षा गरी यो तथा यसको स्थान कहीं अस्तित्व छैन भनी बोध गरेर शरीरको भित्रबाहिरको लोभ लालच, दुर्मन-सुमनको आशा असल होला, बिग्रेला भन्ने समेत कुनै किसिमको आशा शंकाबाट पार भएर बस्नु हो । वेदना-अनुस्मृति-उपस्थानअनुरूप आर्य्य सज्जन वर्गले अध्यात्म वेदनाभित्र बाहिरको दुःख, सुख, अदुःख-असुख राम्ररी चिन्तन मनन गरेर बोध गरी निरन्तर सचेतभै उपासना गरी निरोध गरिरहनु पर्दछ । चित्त-अनुस्मृति-उपस्थानअनुरूप भित्रबाहिरको चित्तलाई विचार गरेर रागसहित वा रहतको चित्त, द्वेष संयुक्त वा मुक्त भएको चित्त, मोह सम्बन्ध वा परित्यक्त चित्त कस्तो अवस्थामा छ प्रतिक्षण सम्झेर उपासना गरी चित्त विचार गरेर अप्रमादीभै चित्तलाई सन्तुलित अवस्थामा स्थीर गरिराख्ने तरिका हो । धर्म-अनुस्मृति-उपस्थानअनुरूप भित्रबाहिर कुशल अकुशल, धर्म-पुण्य, अधर्म-पाप भन्ने विषय यस्तो भनी राम्ररी चिन्तन मनन् गरेर बोध गरी हरदम धर्मको प्रकृति सम्झेर सांसारिक विषयसम्बन्धी लौकिक व्यवहारको प्रवृत्ति धर्ममा विराग गरेर लोकोत्तर निवृत्ति धर्ममा विचार गरिरहनु हो ।

विपश्यना आचार्य सत्यनारायण गोयन्काकृत 'धर्म आदर्श जीवनका आधार' पुस्तकअनुसार सबै मानिसलाई समान रूपले कल्याण गर्ने विपश्यना एक सहज र सरल तरिका हो । यस चर्या गर्न बौद्ध सम्प्रदायमा दीक्षा लिनु पर्दैन, बुद्ध मूर्ति स्थापना गरेर धूप, बत्ति, नैवद्य, आरती आदि अर्पण गरेर पूजा गर्नु पनि पर्दैन । शुभ रूपले ध्यान चर्या गरेर आफ्नो कल्याण भएको अनि अरूको पनि कल्याण देखेर साधकले महाकारूणिक, महाप्रज्ञावान भगवान् तथागतप्रति कृतज्ञता प्रकट गर्दै शास्ताको करूणा तथा प्रज्ञाप्रति श्रद्धा प्रकट गरेमा कुनै दोष छैन । गुणप्रति प्रकट भएको श्रद्धा, त्यस गुण आफ्नो जीवनमा धारण गर्न प्रेरणादायक हुनेभयो । अनि कल्याणकारिणी भैरहन्छ । यस प्रारको कृतज्ञता चित्तको एक मंगलमयी पद्धति हो । श्रद्धा तथा कृतज्ञता भावनाबाट चित्तलाई मृदुल पारिदिन्छ जुन विपश्यना साधनाको चित्त विशुद्धीकरणको प्रयासमा सहायक हुने भयो । विपश्यना साधना शरीर र चित्तको प्रकृतिका यथार्थ स्वरूपप्रति जागरूक भैरहन तालिम

दिइने भयो, प्रकृतिको यथार्थ दर्शनको यो अभ्यास कुनैपनि वर्ग सम्प्रदाय, जाति, देश, काल र बोली भाषाका व्यक्तिहरूलाई कुनै कठीन हुनेछैन । मान्छेले आफ्नै मानवीय प्रकृति आफैले नै अध्ययन गर्दो रहेछ । आत्मदर्शन गरिरहन्छ, आत्म निरीक्षण गरिरहन्छ । आफ्नो मनको मयल चिन्तन मनन गर्दै विकारहरू टाढा पार्दै साधक सच्चा मानवीय धर्ममा परिणत हुने भयो । यस्तो चर्याबाट आफूलाई सुखशान्ति हुने साथै आफ्नो सम्पर्कमा आएका सबैलाई पनि सुखशान्ति हुने भयो ।

प्राणीमध्ये सर्वश्रेष्ठ कहलिइएका मनुष्य जीवन सफलपूर्वक निर्वाह गर्न विपश्यनाको यथार्थ मनसाय बोध गरेर चर्या गर्नु अनिवार्य छ । यहाँ सत्य-तथ्य बुझ्नुपर्ने कुरो जीवन सफल गर्ने नगर्ने चित्तको खेल हो । स्वचित्त शुद्धीकरण नै ध्यानको लक्ष्य भएकोले शील, समाधि र प्रज्ञा राम्ररी बुझेर चर्या गर्नु पर्‍यो । यहाँ यो कुरा पनि उल्लेख गर्नु सान्दर्भिक छ कि समाजमा कतिपय मनुष्य लागु पदार्थ सेवन गरेर मानसिक असन्तुलन अवस्थामा रहेर जीवन बर्वाद गरिरहेको देखिन्छ । महायान, वज्रयान सम्प्रदाय कहलिइएका धेरै जसो विहार बहीमा पूजापाठ कर्मकाण्ड विधिव्यवहारमा बुद्धधर्मको आधारभूत सिद्धान्त पञ्चशील विपरीत मासु, रक्सी, जाँडको दुरूपयोग भैरहेको पाइन्छ, बुद्धधर्ममा सबभन्दा पहिलेको चर्या पञ्चशील ग्रहण हो । यसमध्ये पनि 'सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि' एक शील उलंघन भयो भने अरू ४ वटा शील पनि पालन गर्न नसक्ने हुँदो रहेछ ।

नेपालको वर्तमान बुद्धधर्मको अवस्थातर्फ चिन्तन मनन् गर्दा बौद्ध विहार, संघसंस्थाद्वारा कार्यक्रम चालुरहेको उत्साहजनक छ । बौद्ध विद्वान्हरू पनि कम छैनन् । ध्यान केन्द्र पनि ठाउँठाउँमा रहेको महत्वपूर्ण छ । बुद्धधर्ममा लागिरहेकोतर्फ मूल्याङ्कण गर्दा कतिपय महानुभावहरूले चर्या गरेर जीवन सुधारेका पनि छन् । तर बौद्ध जनमानसतर्फ विचार गर्दा यथार्थ रूपमा बुद्धधर्म बुझ्ने कम मात्र छन् । बुद्धधर्मको मूलभूत सिद्धान्त अनिश्वरवाद बुझ्ने ज्यादै कम मात्र छन् भन्नु अत्यूक्ति हुने छैन । अर्कोतर्फ दायक प्रमुखले आफ्नो भीमरथारोहण भ्वजमा कुखुरा-मासुको साथमा असि हजारको रक्सी प्रयोग गरेको कुरा सुनियो । डाक्टरजस्तो उपाधि पाएका एक जनाले श्रोतापति भएं भनेर पुस्तक प्रकाश गरेको कुरा छिपेको छैन । एक बौद्ध कार्यक्रममा, घरमा ध्यानस्थल चलाइरहेको उच्च पदाधिकारीले अचाक्लि रिस पोखेपछि एकजना वयोवृद्ध ध्यानीले, ध्यान गर्ने यसरी क्रोधी हुनुभएन भनेर सम्झाउँदा सम्झिएन । उपरोक्त प्रकारका विकृति सुधार्नको निम्ति तथा बुद्धधर्मको चर्या गतिशील पूर्वक चालु गर्नको निमित्त धर्ममा लागेका महानुभावहरूले पञ्चशील पालन गर्ने गराउनेतर्फ अझ विशेष दृष्टि पुऱ्याउनु पर्ने समयको माग छ । ♦


**शुभ-दीपावली तथा नव वर्ष ने.सं. ११३१ को उपलक्ष्यमा हाम्रा समस्त सदस्य महानुभावहरु तथा शुभचिन्तक मित्रहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**



**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

# अशोकको शस्त्रपरित्याग दिवस र लुम्बिनी दिवस



✍ बखत बहादुर चित्रकार

ईशापूर्व ६२४ मा लुम्बिनीमा जन्मनुभएका सिद्धार्थको जीवनी बारे हामी सबैलाई थाहा भएकाले बुद्ध र बुद्धधर्मसम्बन्धी जानकारी दिने यो लेखको उद्देश्य होइन । जुन विषयमा जानकारी दिन खोजिएको छ त्यसबारे धेरै कुराको जानकारी विभिन्न सञ्चार माध्यमबाट विभिन्न समयमा प्रचार-प्रसार पनि हुने गरेको छ । यस लेखको अभिप्राय खालि अशोक सम्राट भएर पनि किन शस्त्रअस्त्र परित्याग गरेर अहिंशाको बाटो अपनाएर संसारभर बुद्धधर्मको प्रचार-प्रसार गरे, किन नेपालीहरू उनीप्रति ऋणी छौं ? हामीले उनीप्रति देखाउनु पर्ने वा गर्नुपर्ने श्रद्धाभाव देखाउन सकेका छौं वा छैनौं ? अझ आजको वर्तमान हाम्रो देशको स्थितिमा उनको सम्झना वा उनले देखाएका बाटोमा हामी लाग्नुपर्ने आवश्यकता रहेको महशुस गर्दै यो लेख लेख्न म उत्प्रेरित भएँ ।



अलेक्जेडर द ग्रेटले भारतमा आई ३२७ ई. पू. मा हमाला शुरू गरे । वर्तमान भारतको उत्तरपश्चिम भाग कब्जा गरेर राज्य सञ्चालन गरे । ई. पू. ३२३ मा उनको मृत्यु भएपछि पाटलीपुत्र (पटना) राजधानीमा मौर्यहरूको शासन थियो । मौर्य शासनका प्रख्यात सम्राट चन्द्रगुप्तले दुई चारवटा सानामसिना राज्यहरू समेत आफ्नो कब्जामा लिए । आसपासका केही राज्यहरू बसमा पारी मगधराज्यको सम्राट घोषित भए । २० वर्षसम्मको प्रयासपछि वर्तमान भारतको सबैजसो भूभाग आफ्नो राज्यमा सामेल गरी राज्य सञ्चाालन गरे । उनको मृत्युपछि उनका छोरा विन्दुसार सम्राट बने । उनले पच्चिस वर्षसम्म राज्य गरे र ई. पू. २७३ मा विन्दुसारको मृत्युपश्चात् अशोकले राज्य सत्ता सम्हाले ।

अशोकका ९९ दाजु भाइहरू थिए । आफ्ना सबै दाजुभाइलाई समाप्त पारेर उनी मौर्य सम्राट भए । उनको दिनचर्या नै अरूलाई दुःख कष्ट दिनु, मारकाट गर्नु अर्थात् अरूको दुःख नै उनको सुख सम्झन्थे । उनको एक छाक भोजनका लागि कैयौं मयुर तथा हरिण, मृग, जरायो आदि पशु पंक्षीको बलिदान हुन्थ्यो । अशोकलाई आफ्नो विशाल मौर्य राज्य हुँदाहुँदै सम्पूर्ण विश्व जितेर विश्वको सम्राट बन्ने आकांक्षा पलायो । सोअनुरूप आफ्ना आसपासका सबै राज्यहरू आफनो राज्यमा गाभिसके पनि उडिसातर्फको कलिङ्ग राज्यसँग लडाईं सुरू गरे । सो लडाईंमा असंख्य धन जनको क्षति भयो, लाखौं पशु हात्ति, घोडा अन्य चौपाया, पंक्षीहरू आहुति भए मने मानिसहरू मात्र एक लाख मारिए । त्यस्तै एक लाख पचास हजारभन्दा बढि मानिसहरू घाइते भई न मर्नसक्ने न बाँच्नसक्ने अवस्थामा पुगे । आजभन्दा बाइस सयवर्षअघिको पृथ्वीको जनघनत्वमा यो संख्या अधिक भएको कुरा आज पनि अड्कल काटन सकिन्छ । भयानक कलिङ्ग युद्धपश्चात नै चण्डाल अशोक दानव मतिबाट सुमानवमा, कुमतिबाट सुमतिमा फर्किएको हो ।

अशोकको शासनकालमा भारतमा आम रूपमा सनातन वैदिक धर्मको प्रचलन थियो जसमा विभिन्न तन्त्रमन्त्र र यज्ञहरूमा बलि दिने प्रचलन व्याप्त थियो । युद्धबाट विरक्तिएका

अशोकले सोचे कि अबआइन्दा अहिंसाको बाटोबाट माया प्रेमद्वारा आफ्नो देशमा राज्यसत्ता सञ्चालन गर्ने अभिप्रायले शस्त्रअस्त्र परित्याग गरी चीवर वस्त्र धारण गर भिक्षु भए । यो ई. पू. २६० को समय थियो । उनी आफू मात्र भिक्षु बनेनन्, आफ्ना भाइभारदार एवं सम्पूर्ण देशबासीहरूलाई बुद्धधर्मअनुसार पञ्चशीलको नियम पालना गर्न र सोहीअनुरूपको आचरण गर्न समेत निर्देशन दिए । सो कुराको जानकारीका लागि हजारौं ठाउँमा शिलालेख तथा अशोक स्तम्भको निर्माण गराए । उदाहरणका लागि नेपालको लुम्बिनिमा भएको अशोक स्तम्भ पनि एक महत्वपूर्ण स्तम्भ मानिन्छ । विभिन्न ठाउँमा प्राप्त शिलालेखमा उल्लेख भएका कुराहरू निम्न पाइएको छः "सबैलाई मायादया गर्नु, आफ्ना बुबा मुमालाई आदार सत्कार गर्नु, साथीभाइहरू, चिने-जानेका महानुभावहरू, नातेदारहरू, ब्राह्मणहरू, ऋषिमुनीहरूलाई मानमर्यादा गर्नु असल हो ।" त्यस्तै प्राणीको रक्षा गर्नु, रक्तपात नगर्नु, फजुल खर्च नगर्नु, गालिगलौज नगर्नु असल कार्य हो ।" "कलिङ्गयुद्ध पहिले सम्राट अशोकले हजारौं पशुपंक्षी मारेर एक छाक भोजन गर्दथे भने अबदेखि दुईटा मयुर र एउटा हरिण मात्र भोजनका लागि मारिने भयो र निकट भविष्यमा नै सो कार्य पनि रोकिने छ ।" त्यस्तै अर्को शिलापत्रमा "उनको राज्यमा चमेरो, कछुवा, हाँस, कमिला, सुगाका साथै कुनै पनि चौपाया नमारिने व्यवस्था गरियो । माछा मार्ने काम पनि वर्षमा ५६ दिन मार्न नहुने नियम बनाइयो ।" यी उद्घृत वाक्यांशहरू अशोकद्वारा निर्मित हजारौं शिलालेख मध्येकै केही अंश हुन् ।

आफ्ना राज्यका सबै प्रान्तहरूका गभर्नरहरूलाई हरेक ५-५ वर्षमा धर्मसभा गराउने र त्यसको निर्णयबमोजिम राज्य सञ्चालन गर्ने नियम बनाए । त्यस्तै उनले बुद्ध धर्मको प्रचार-प्रसार आफ्नो देशमा मात्र सीमित नराखेर छिमेकी मुलुकहरूमा समेत प्रचार-प्रसार गरेका थिए । त्यसका उदाहरण नेपाल, श्रीलंका, काश्मिर आदि हुन् भने सिरिया र इजिप्टसम्म पनि बुद्धधर्मको प्रचार गरेका थिए । सम्राट अशोकले गरेको हिंसावादको लडाई त्याग्दै अहिंसावादबाट बिना हातहतियार शान्तिको बाटोबाट राज्य सञ्चालन गरेका कारणले विश्वका विद्वानहरूले प्रथम सम्राटका रूपमा मानेको इतिहास आज पनि छँदैछ । सम्राट अशोकका पालामा विभिन्न ६० प्रकारका धार्मिक सिद्धान्तहरू प्रचलनमा भएको पाइएको देखिन्छ भने सो समयमा त्यति ठूलो जमातको अगाडि नास्तिक बुद्धधर्मको प्रचार-प्रसार गर्नु पनि आफैंमा साहसिक कार्य मान्नुपर्ने देखिन्छ । यसबाट हामी बौद्धमार्गी वा अन्य धर्ममार्गीले बुझ्नुपर्ने कुरा स्वयम् बुद्ध तथा प्रचारक सम्राट अशोकले समेत आफ्ना शिलालेख आदिमा बुद्धधर्मलाई कहिल्यै पनि धर्मका रूपमा विश्लेशण गरेको पाइएको छैन भने सुकर्मलाई नै धर्म मानेको देखिन्छ । ई. पू. २३२ मा ६८ वर्षको उमेरमा सम्राट अशोकको देहवसानपछि सो राज्यका उत्तराधिकारीहरूले सोहीअनुरूप राज्य सञ्चालन गर्न नसकेको कारण विभिन्न सनातन धर्मीहरूद्वारा बौद्ध मार्गीहरू अल्पमतमा पर्दै गएको देखिन्छ भने सनातन धर्मीहरूको विभिन्न गूट उपगूटहरूको लुछाचुँडी तथा हिन्दुहरूको वर्णाश्रम वा उँचो र निच जात, छुवाछुत आदिका कारण हिन्दुहरू पनि एक छत्र रहन सकेनन् त्यसकै फलस्वरूप मुसलमान धर्मावलम्बीको शासनकाल प्रारम्भ भएको देखिएको छ भने हिन्दु र मुश्लिमबीचको लडाईंको फाइदा उठाउँदै अन्ततः इष्ट यण्डिया कम्पनीको स्थापना भएको र बृटिश सामाज्यको प्रादुर्भाव भएको पाइन्छ । सो बृटिश साम्राज्य सत्रौं सताब्दीमा शुरू भएर ई. सं. १९४७ समाप्त भएको इतिहास सबैलाई जानकारी छँदैछ । भारतमा बृटिश साम्राज्यका बेलामा भएको पुरातात्विक उत्खननकै समयमा बृटिशहरूले सम्राट अशोकका सम्बन्धमा समेत विशेष अनुसन्धान गरेका थिए । फलस्वरूप नेपालका तर्फबाट तत्कालीन पाल्पाका प्रशासक खड्ग शमसेर तथा बृटिश भारततर्फबाट फ्यूहरर् आदिको उत्खनन् कार्यबाट नै हालको लुम्बिनीमा रहेको अशोक स्तम्भ पत्ता लगाइएको हो भने बुद्ध जन्मस्थलसम्बन्धी स्पष्ट तथ्य पनि त्यसैबेला पत्ता लागेको मान्नुपर्ने देखिन्छ । यस कार्यलाई भारतमा बृटिश साम्राज्य रहँदा नेपालले पाएको ठूलो गुणभन्दा अत्युक्ति नहोला र साथसाथै भारतमा पाइएका तथ्यका आधारमा तत्कालीन अशोकको शासन सत्ताको समयमा बनाइएको राज्य व्यवस्थामा जनताले पाएको गाँस, बास र कपासको उचित व्यवस्था, अहिंसात्मक मार्गबाट राज्यले पाएको शान्ति सुव्यवस्था आदिको उच्च मूल्याङ्कन समेत गरी अद्यापि भारतको राष्ट्रिय झण्डामा समेत अशोक चक्र अंकित छँदैछ ।

लुम्बिनीमा पाइएको अशोक स्तम्भमा लेखिएको ब्राह्मी लिपीमा लिखित शीला लेखमा "**हिद बुधे जाते सक्यमुनीति, हिद भगवं जातेति लुंमिनी गामे**" (यहाँ शाक्यमुनी बुद्धको जन्म भएको हो, यहाँ भगवान् बुद्ध जन्मनुभएको लुम्बिनी ग्राममा ।)

उल्लेख भएको हुँदा हुँदै केही भारतीय चाटुकार विद्वान भन्नेहरूले बुद्धको जन्मस्थान भारतमा भएको भन्ने भ्रम फैलाइरहेको पाइएको छ भने यस प्रति नेपाल सरकार, सारा नेपाली तथा विश्व बौद्ध समुदायले समेत यसको खण्डन एवं भर्त्सना र प्रतिवाद एकसाथ गर्नुपर्ने नभइरहेको स्थिति विद्यमान छ । हामी नेपालीमा बुद्ध एवं प्रचारक सम्राट अशोकप्रति देखाउनु पर्ने उत्तरदायित्व कम भएका कारण यो स्थिति आइपरेको हो कि सोच्नुपर्ने विषय बनेको छ ।

हाल लुम्बिनीमा भैरहेको कार्यहरूमा विश्वका बीस पच्चिस देशहरूबाट भैरहेका सहयोग कार्यहरूमा आआफ्नै शैलीका बौद्ध चैत्य, विहार निर्माण, पुस्तकालय, आदि कार्यहरू सन्तोषजनक रहेको छ भने लुम्बिनी बौद्ध विश्व विद्यालयको स्थापनालगायत कार्यहरूमा संयुक्त राष्ट्र संघअन्तर्गत युनेस्कोबाट आवश्यक सहयोग लिएर व्यवस्था गरेमा अझ प्रभावकारी हुने देखिन्छ । त्यस्तै भैरहवामा अन्तर्राष्ट्रिय हवाइ मैदान बनेमा जापान, श्रीलंका, थाइल्याण्ड, बर्मा, कम्बोडिया, भियतनाम, चीन, हङकङ्, कोरिया आदि मुलुकका बौद्धमार्गीहरूको आउतजाउले समेत देशमा ठूलो विदेशी पर्यटकको आगमन हुने र अन्ततः त्यसले देशको आर्थिक स्थितिमा समेत सकारात्मक प्रभाव पर्ने कुरामा दुईमत छैन नै ।

अन्तमा मैले व्यत्तिगत रूपमा भन्नुपर्दा मूलतः लुम्बिनि विकास कोषले गरेका हालका कार्यहरू विभिन्न देशको तथा स्वदेशी संघसंस्था एवं व्यक्तिहरूको सहयोग रहँदारहँदै पनि सन्तोषजनक परिणाम निस्कन नसकेको स्थिति देएिकाले यस सम्बन्धमा नेपाल सरकारले लुम्बिनि विकास मन्त्रालय नै स्थापना गरी यस कार्यलाई सदुपयोग गरेमा देशको आर्थिक, धार्मिक स्थितिमा गुणात्मक सुधार हुनुका साथै देशको गरिमा बढ्ने सुनिश्चित छ । त्यस्तै हाम्रो देशमा विद्यमान हालको हिंसात्मक परिस्थितिबाट केही मात्रामा नेपालीहरूले त्राण पाएको होकि जस्तो लागेको र पाइनसकेको स्थितिमा अहिंसाको मार्गमा अझ दृढ संकल्प लिंदै हाम्रो संकल्प "शान्ति क्षेत्र नेपाल" लाई पुनः बुलन्द गर्दै संयुक्त राष्ट्र संघमा रहेको लिुम्बनी विकास सम्बन्धमा रहेको बौद्ध देशहरूको संगठनलाई पुनर्जिवित गर्नु आजको मुलुकको टड्कारो आवश्यकता हो भन्ने मलाई लाग्दछ । ♦

**बिहानी सेवा (Morning Counter) को सुविधा सहित**
**आकर्षक ब्याजदर तथा अन्य सेवाहरु**

* **Western Union Money Transfer** को सुविधा ।
* **Nabil Remit** को सुविधा ।

१२% मुद्दती बचत

* कुनै पनि बैंक तथा वित्तीय संस्थाको चेकलाई समाशोधन गृह (CLEARING HOUSE) को व्यवस्था ।

११% बर्थ डे केक सहित बाल बचत

क्रमिक बचत
४२ महिना = ५० महिना
७२ महिना = १०० महिना

८.५% दैनिक मौज्दातमा हसना बिशेष बचत

* कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको प्राथमिक शेयर (IPO)निष्काशन हुँदा । आवेदन गरिदिने व्यवस्था

९% साधारण बचत

*कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुको शेयर सम्बन्धि आवश्यक सेवा तथा परामर्श । परामर्शको व्यवस्था

**हसना बचत तथा ऋण सहकारी संस्था लि.**
**Hasana Saving & Credit Co-operative Ltd.**
बलम्बु (भास्तिपुर)-२, काठमाडौं, फोन नं.:- ४३१६१७३, फ्याक्स नं.:- ४३१६१७४
इमेलः- hasana2065@gmail.com

# भिक्षुले पालन गर्नुपर्ने विनय-नियम सरहका शीलहरू



✍ दुण्ड बहादुर वज्राचार्य
अनुवादक

**सानो शील**

(१) यहाँ भिक्षु प्राणी हिंसालाई त्यागी प्राणी हिंसाबाट विरत भई बस्छ । दण्डरहित शस्त्ररहित लज्जालु, दयालु तथा सबै प्राणीहरूप्रति हितानुकम्पी भई बस्छ ।

(२) "चौरकर्मलाई *(अदिन्नादान, अदत्तादान)* त्यागी चौरकर्मबाट विरत भई बस्छ । दिएको मात्र ग्रहण गर्ने, दिएको मात्र प्रतीक्षा गर्ने भई बस्छ । यसरी परिशुद्ध भएर बस्छ ।

(३) "अब्रह्मचर्यलाई त्यागी ब्रह्मचारी हुन्छ – मैथुनधर्म, ग्रामधर्मबाट टाढा रही मैथुनधर्मबाट विरत भई बस्छ ।

(४) "मृषावादलाई त्यागी मृषावादबाट विरत भई बस्छ । सत्यवादी, सत्यमा बसी, लोकलाई भ्रूटो नबोल्ने भई बस्छ ।

(५) "चुक्ली *(पैशुन्य)* बोलीलाई छाडी, चुक्ली बोलीबाट विरत रहन्छ । यताको कुरा सुनी उता भन्न जान्न–यिनीहरूलाई भेद गराउन *(फूट पार्न)* का निमित्त, उताको कुरा सुनी यता भन्न आउन्न–उनीहरूलाई भेद गराउनको निमित्त, बरु भेदभिन्न भएका लाई मिलाउने र मेलमिलाप भएकालाई प्रोत्साहित पार्ने हुन्छ, अनि मेलमिलापमा आनन्दित, मेलमिलापमा रत, मेलमिलापमा खुसी मान्ने र मेलमिलापको कुरा गर्ने हुन्छ ।

(६) "परूषवाचा *(चित्त दुख्ने वचन)* लाई त्यागी, परूषवाचाबाट विरत रहन्छ । जुन वाचा निर्दोषपूर्ण हुन्छ–सुन्दा आनन्द आउने, स्नेहेमयी, हृदयङ्गम, शिष्टसम्पन्न, सबैले मन पराउने, सबैले रूचाउने–यस्तो वाचा बोल्नेहुन्छ ।

(७) "सम्प्रलाप *(निरर्थक कुरा)* लाई त्यागी, सम्प्रलापबाट विरत रहन्छ । कालवादी, भूतवादी, अर्थवादी, धर्मवादी, विनयवादी, निधानवती-वाचा बोल्ने हुन्छ । त्यो पनि उचित समयमा कारण देखाई, अन्त देखाई, अर्थयुक्त कुरा गर्छ ।

(८) "ऊ बीउहरू[१] र बिरूवाहरु नाश गर्ने कुराबाट अलग रहन्छ ।

(९) "एक छाक खाने हुन्छ । रात पर्नुभन्दा पहिले अघिबाटै विकाल भोजनबाट अलग रहन्छ[२] ।

(१०) "नाच-गान-बाजा तथा अन्य प्रदर्शनी हेर्नबाट पनि अलग रहन्छ ।

(११) "माला-सुगन्ध-लेपन-धारण *(अलङ्कार लगाउने)*, मण्डन *(श्रृङ्गार गर्ने)*, विभूषणादिबाट पनि अलग रहन्छ ।

(१२) "उच्चासन, महासनबाट[३] अलग रहन्छ ।

(१३) "सुन *(जात रूप)*, चाँदी[४] *(रजत=मुद्रा)* ग्रहण गर्नबाट अलग रहन्छ ।

(१४) "काँचो धान्यवर्ग[५] ग्रहण गर्नबाट अलग रहन्छ ।

(१५) "काँचो मासु ग्रहण गर्नबाट अलग रहन्छ ।

(१६) "स्त्री, कुमारिका ग्रहण गर्नबाट अलग रहन्छ ।

(१७) "दास, दासी ग्रहण गर्नबाट अलग रहन्छ ।

(१८) "भेडा, बाख्रा ग्रहण गर्नबाट अलग रहन्छ ।

(१९) "कुखुरा, सुँगुर ग्रहण गर्नबाट अलग रहन्छ ।

(२०) "हात्ती, गाई, घोडा, घोडी ग्रहण गर्नबाट अलग रहन्छ ।

(२१) "खेत ग्रहण गर्नबाट अलग रहन्छ ।

(२२) "दौत्य कामहरूबाट[६] अलग रहन्छ ।

(२३) "क्रय-विक्रयबाट अलग रहन्छ ।

(२४) "तुलाकूट[७] *(तराजुमा छल्ने)*, कंसकूट८ *(सुनको भाँडोमा छल्ने)*, मानकूट[९] *(माना पाथीमा छल्ने)* बाट अलग रहन्छ ।

(२५) "घूस लिने[१०], वञ्चना गर्ने[११], ठग्ने *(निकति[१२])* तथा कुटिलताबाट अलग रहन्छ ।

(२६) "छेदन *(हातखुट्टा काट्ने)*, वध *(मार्ने, पिट्ने)*, बन्धन *(बाँध्ने)*, हमला गर्ने, लुट्ने, डकैटी गर्ने र साहसिला काम *(बलात्कार आदि काम)* बाट अलग रहन्छ ।

यी भए विनयनियम सरहका साना शीलहरू ।

**मध्यमशील**

"श्रद्धाले दिएका भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू मूलबीज, स्कन्धबीज, फलबीज, अग्रबीज

तथा पञ्चमबीज आदि बीउहरु र हरियाली, घाँस इत्यादि बिगार्ने जस्ता काममा लागेका हुन्छन्, त्यसरी भिक्षु बीउहरु र हरियाली घाँस इत्यादि बिगार्ने काममा लागेको हुन्न ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरु अन्न, पान[१३], वस्त्र, यान, शयनासन तथा सुगन्धादि वस्तुहरुको सन्निधिकार[१४] *(थुपार्ने र जोगाइराख्ने)* जस्ता काममा लागेर बस्छन्, त्यसरी भिक्षु सन्निधिकार गर्ने काममा लागेको हुन्न ।

"श्रद्धाले दिएको भोजन खाएर जसरी यहाँ केही श्रमण ब्राह्मणहरु नाच, गान, बाजा, नाटक, काटमारको नाटक, थपडी बनाउने, बाजाको ताल, गाग्रो बजाउने, नाच्नेहरुको टोली, फलामको डल्लोको खेल, बाँसको खेल, हाड बजाउने, हात्ती जुधाउने, घोडा जुधाउने, भैंसी जुधाउने, गोरू जुधाउने, बोका जुधाउने, भेडा जुधाउने, कुखुरा जुधाउने, बट्टाई लडाउने, लट्टी लडाउने, मुड्की खेलाउने, कुस्ती लड्ने, मारपिट गर्ने, सेनाब्यूह *(ब्यारेक)*, सेनासमूह आदि विविध दृश्य हेर्ने जस्ता काममा लागेर बस्छन्, त्यसरी भिक्षु विविध दृश्य हेर्ने काममा लागेको हुन्न ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरु अष्टपद[१५], दशपद, आकाश, परिहारपथ[१६], सन्तिक[१७], खलिक *(खालमा पासा खेल्ने)*, घटिका *(लामो लट्टीले हिर्काउने खेल)*, पछ्चीर *(पातका डाँठहरू बजाउने)*, वङ्क, मोक्खचिक, चिङ्गुलिक *(तालपत्रहरूले बनाएको चक्का जो हावाद्वारा घुम्छ)*, पत्ताल्हक *(पातको माना बनाई नाप्ने खेल)*, रथक *(खेलौना रथ)*, धनक *(खेलौना धनुष)*, अक्खरिक *(पिठ्यूँमा वा आकाशमा लेखेको अक्षर चिन्ने खेल)*, मनेसिक *(मनमा चिताएको कुरा जान्ने खेल)*, तथा यथावज्ज *(काना लँगडा आदिहरुको नक्कल पार्ने खेल)* आदि आदि प्रकारका प्रमाद हुने जस्ता जूवा आदि खेलको काममा लागेर बस्छन्, त्यसरी भिक्षु प्रमाद हुने जूवा आदि खेलको काममा लागेको हुन्न ।

"श्रद्धाले दिएको भोजन खाएर जसरी यहाँ केही श्रमण ब्राह्मणहरु ठूलो आसन पलङ, लामा-लामा रौं भएको आसन, चित्रित आसन, उर्णमय अस्तरण, फूलदार बुट्टा भएको अस्तरण, कपासको ओढ्ने, सिंहादि चित्र भएको अस्तरण, दुवैतिर झल्लर भएको अस्तरण, एकातिर झल्लर भएको अस्तरण, जरी भरिएको रेसमी अस्तरण, रत्नहरु भरिएको रेसमी अस्तरण, सोह्र नर्तकी स्त्रीहरु नाच्न सक्ने दरी, हात्ती घोडा रथमाथि बिच्छ्याउने लम्पटहरु, बाख्राका छालाद्वारा बनेको ओछ्यान, कदलिमृगछालाको अस्तरण, झल्लर भएको चँदुवा, टाउको र खुट्टातिर राता तकिया राखेका आदि आदि जस्ता उच्चाशयन तथा महाशयनमा सुत्ने गर्छन्, त्यसरी भिक्षु उच्चाशयन वा महाशयनमा सुत्दैन ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरु आङमा पाउडर लगाउने, शरीर मिचाउने, नुहाउने, सुडौल बनाउनका निमित्त मुङ्ग्रो आदिले शरीरपिट्न लगाउने, ऐना हेर्ने, अञ्जन लगाउने, मालागन्धविलेपन लगाउने, मुखचूर्ण *(मुखको पाउडर)* लगाउने, मुख-लेपन लगाउने, हातमा आभूषण लगाउने, शिखाको आभूषण लगाउने, छडी लिएर हिंड्ने, स्त्री-पुरुषको बुट्टा भएको टोपी लगाउने, तरबार भिर्ने, छाता ओढ्ने, बुट्टा भएको जुत्ता लगाउने, कपालमा मणि लगाउने, चमर हम्कने, लामालामा सफा सेता लुगा लगाउने आदि आदि जस्ता मण्डल तथा विभूषण लगाउने इत्यादि काममा लागेका हुन्छन्, त्यसरी भिक्षु मण्डल तथा विभूषण लगाउने काममा लागेको हुन्न ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरु तिरश्चीनकथामा ··· लागेका हुन्छन्, त्यसरी भिक्षु तिरश्चीनकथामा लागेको हुन्न ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरु 'तिमी यो धर्मविनय जान्दैनौ, यो धर्मविनय म जान्दछु । तिमी यो धर्मविनय के जानौला र ? तिमी गलत बाटोमा छौ । म ठीक बाटोमा छु । मेरो कुरो सार्थक छ, तिम्रो कुरा निरर्थक छ । अघि भन्नुपर्ने पछि भन्छौ, पछि भन्नुपर्ने अघि भन्छौ । तिमीले धेरै दिनदेखि सिकेर *(अभ्यास गरेर)* आएको कुरो मेरो वादको अगाडि व्यर्थ छ । तिमीमाथि वाद आरोपित गर्छु । तिमी निग्रहित छौ । *(मेरो वादबाट)* मुक्त हुन तिमी बाहिर घुम । यदि सक्छौ भने मेरो कुराको जवाफ देऊ भन्ने जस्ता विग्रहकथामा लागेका हुन्छन्, त्यसरी भिक्षु विग्रहकथामा लागेको हुन्न ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरु – राजाहरूले, महामन्त्रीहरूले, क्षेत्रीहरूले, ब्राह्मणहरूले, गृहपतिहरूले, कुमारहरूले 'फलानो ठाउँमा जाऊ, फलानो ठाउँमा आऊ, यो लैजाऊ, फलानो ठाउँबाट यो ल्याऊ' भन्ने जस्ता काममा लगाएको दूतको काममा लागेका हुन्छन्, त्यसरी भिक्षु दूतको काममा लागेको हुन्न ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरु कुहक *(आफूमा नभएको गुण देखाउने बानी=पाखण्डी)* हुन्छन्, लाभसत्कारको निमित्त कुरा गर्छन्,

यसैको कारणमा लक्षणका कुराहरू बताउँछन्, यसैको कारणमा अर्कासित गाली गलौच-झैभगडा पनि गर्छन् तथा *(अधर्मपूर्वक)* थोरै लाभद्वारा धेरै लाभको खोजी गर्छन्, त्यसरी भिक्षु कुहक हुन्न ।

यी भए विनयनियम सरहका मध्यम शीलहरू ।

**महाशील**

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू अङ्गविद्या[१८], निमित्तविद्या[१९], उत्पादविद्या[२०], स्वप्नविद्या[२१], लक्षणविद्या[२२], मुसाले टोकेको वा कोतरेको विद्या[२३], अग्निहोम, दारूहोम[२४], भुसहोम, कनिकाहोम, तण्डुलहोम, घिऊहोम, तेलहोम, मुखहोम[२५], रगतहोम[२६], अंगविद्या, वास्तुविद्या, क्षत्रविद्या, शिव *(मसान)* विद्या, भूतविद्या, भूरिविद्या, सर्पविद्या, विषविद्या, विश्चिक विद्या, मूषक *(मुसाको)* विद्या, शकुनि *(पक्षि, विद्या)* वायस विद्या, परिपक्वविद्या, तीरविद्या, मृगचक्रविद्या, आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्याजीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू मणिलक्षण, वस्त्रलक्षण, दण्डलक्षण, शस्त्रलक्षण, तरबारलक्षण, तीरलक्षण, धनुषलक्षण, आयुधलक्षण, स्त्रीलक्षण, पुरूषलक्षण, कुमारलक्षण, कुमारीलक्षण, दासलक्षण, दासीलक्षण, हस्तिलक्षण, अश्वलक्षण, भैंसीलक्षण, साँढेलक्षण, गाईलक्षण, बोकालक्षण, भेडालक्षण, कुखुरालक्षण, बट्टाईलक्षण, गोहीलक्षण, कर्णिका *(कानको गहना)* लक्षण, कछुवालक्षण र मृगलक्षण जान्ने आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू फलानो बेलामा राजा बाहिर निस्कनुपर्छ, फलानो बेलामा राजा फर्कनुपर्छ, भित्रका राजा अगाडि बढ्नुपर्छ, बाहिरका राजा पछाडि हटेर जानुपर्छ, बाहिरका राजा अगाडि बढ्नुपर्छ, भित्रका राजा पछाडि हटेर जानुपर्छ, भित्रका राजाको जय हुनेछ, बाहिरका राजाको पराजय हुनेछ, बाहिरका राजाको जय हुनेछ र भित्रका राजाको पराजय हुनेछ भन्ने आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन् त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू फलानो बेलामा चन्द्रग्रहण हुनेछ, सूर्यग्रहण हुनेछ, नक्षत्र ग्रहण हुनेछ, चन्द्र-सूर्यहरू आ-आफ्ना बाटामा रहनेछन्, नक्षत्रहरू आ-आफ्ना बाटा छाडेर अर्को बाटोमा लाग्नेछन्, उल्कापात हुनेछ, दिशादाह हुनेछ, भूकम्प हुनेछ, सुक्खा बादल गर्जिनेछ, चन्द्र, सूर्य, नक्षत्रहरूको उदय-अस्त मलिन तथा परिशुद्ध हुनेछ, यो चन्द्रग्रहणद्वारा यस्तो फल हुनेछ, यो सूर्यग्रहणद्वारा यस्तो फल हुनेछ, यो नक्षत्रग्रहणद्वारा यस्तो फल हुनेछ, यी चन्द्र-सूर्यहरू आ-आफ्ना बाटा छाडेर अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ, यी नक्षत्रहरू आ-आफ्ना बाटामा रहनाको फल यस्तो हुनेछ, यी चन्द्र-सूर्यहरु आ-आफ्ना बाटामा रहनाको फल यस्तो हुनेछ, यी नक्षत्रहरु आ-आफ्ना बाटा छाडी अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ, यो उल्कापातको फल यस्तो हुनेछ, यो दिशादाहको फल यस्तो हुनेछ, यो भूकम्पको फल यस्तो हुनेछ, यो सुक्खा बादल गर्जनाको फल यस्तो हुनेछ, यी चन्द्र, सूर्य र नक्षत्रहरूको उदय-अस्त मलिन तथा परिशुद्ध हुनाको फल यस्तो हुनेछ भन्ने आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू सुवृष्टि हुनेछ, दुर्वृष्टि हुनेछ, सुभिक्ष हुनेछ, दुर्भिक्ष हुनेछ, निर्भय हुनेछ, भय हुनेछ, रोग हुनेछ, निरोग हुनेछ भन्ने विद्या तथा हस्तरेखाविद्या, गणनविद्या[२७], संख्यानविद्या, कवितापाठ र वितण्डवाद आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू आवाह *(कन्या ल्याउने)*, विवाह *(कन्या दिने)* गर्नका लागि साइत बताउने, उधारो उठाउने साइत बताउने, उधारो दिने साइत बताउने, भाग्यमानी बनाउने, दुर्भाग्य बनाउने, गर्भपुष्टि गर्ने, मन्त्रबलले जिब्रो बाँध्ने, मन्त्रबलले बङ्गरा बाँध्ने, मन्त्रबलले अर्काको हात उल्टाइदिने, मन्त्रबलले बङ्गरा नचल्ने गराइदिने, मन्त्रबलले बहिरो गराइदिने, ऐनामा देवता बोलाई प्रश्न सोध्ने, कुमारीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने, देवदासीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने, जीविकाका लागि सूर्य र महाब्रह्माको पूजा गर्ने, मुखबाट अग्निज्वाला निकाल्ने र श्रीलाई आह्वान गर्ने आदि आदि जस्ता तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन ।

"श्रद्धाले दिएको भोजन खाई जसरी यहाँ केही

श्रमण ब्राह्मणहरु शान्तिकर्म[२८], प्रणीधिकर्म[२९], भूतकर्म, भूरिकर्म[३०], पुरूषलाई नपुंसक बनाउने कर्म, नपुंसकलाई पुरुष बनाउने कर्म, भूमिकर्म[३१], भूमिपरिकर्म[३२], आचमनकर्म, नुहाउनेकर्म, होमकर्म, बान्ता गराउने कर्म, विरेचनकर्म, ऊर्ध्वविरेचन कर्म, अधोविरेचन कर्म, शीर्षविरेचन कर्म, कानमा तेल बनाउने कर्म, नेत्र तर्पण कर्म, नस राख्ने कर्म, अञ्जनकर्म, शीतल अञ्जन दिने कर्म, शस्त्रअस्त्रद्वारा गरिने वैद्यकर्म, शल्यचिकित्सा कर्म, बालचिकित्सा कर्म, जडीबुटीबाट औषधी दिने कर्म र क्षार औषधीको प्रभाव मेट्ने औषधी दिने कर्म आदि आदि जस्ता तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन्, त्यसरी भिक्षु तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन ।

यी भए विनयनियम सरहका महाशीलहरूहरू ।

"अनि यसरी शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि कुनै भय[३३] आउने कुरो देख्दैन । जस्तै शत्रुलाई दमन गरी अभिषेकप्राप्त क्षेत्रीले कतैबाट पनि शत्रुको भय आउने कुरो देख्दैन, त्यसै गरी यस रूपमा शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि कुनै भय आउने कुरो देख्दैन । यो आर्यशीलस्कन्धले सम्पन्न भएको उसले आफूभित्र निरवद्य सुखको अनुभव गर्छ ।

**स्रोत : दीघनिकाय (नेपाली), वीर-पूर्ण पुस्तक संग्रहालय ।**

## (Footnotes)

१ यहाँ बीउहरू पाँच प्रकारका छन् -

(१) मूलबीज अर्थात् हलेदो अदुवा आदि; (२) स्कन्धबीज अर्थात् पीपल र बर आदि; (३) फलबीज अर्थात् उखु, बाँस, निगालो आदि; (४) अग्रबीज अर्थात् तुलसीफूल वा तुलसी आदि (५) बीजबीज अर्थात् धान, गहुँ आदि । यी पाँचै प्रकारका बीउहरू र कुनै पनि हरियोपन भएको त्रिणादिलाईसमेत क्षति पुऱ्याउने काममा लाग्दैन भनी भनिएको हो ।

२ यहाँ 'विकालभोजनबाट अलग रहन्छ' भनी अपरान्ह समयमा खाना नखानेलाई भनिएको हो ।

३ उच्चासन भन्नाले प्रमाण नाघेको आसन र महासन भन्नाले अयोग्य *(अकप्पिय)* आसनलाई भनिएको हो ।

४ यहाँ चाँदी *(रजत)* भनी मुद्रा=दामलाई भनिएको हो । व्यवहारमा चलाइएका कार्षापणहरूलाई भनिएको हो । जस्तै–फलामे मुद्रा *(लोहमासका)*, लाहाको मुद्रा *(जतुमासका)*, काठेमुद्रा *(दारुमासका)* आदि ।

५ यी सात प्रकारका अन्नहरूलाई धान्यवर्ग भनिएको हो–सालि *(मार्सी धान)*, बीहि *(साधारण धान)*, यव *(जौ)*, गोधूम *(गहुँ)*, कँगनी *(काकुन : एक प्रकारको अन्न जसको चामल खाइन्छ)*, वरक *(बनमुगी)*, कुद्रुस *(कोदो)* ।

६ दौत्यकाम भनेको दूतको काम हो । गृहस्थीहरूको पत्रादि लिएर सम्बन्धित ठाउँमा पुऱ्याइदिने तथा घरघरमा मौखिक खबर पुऱ्याइदिने ।

७ 'कूट' भनेको छल्नु वा कपट गर्नु हो । अतः तराजुहरूमा छल्नु=तुलाकूट हो । चार किसिमबाट यस्तो कपट गरिन्छन्, जस्तै–(१) रूपकूट, (२) अङ्गकूट, (३) ग्रहणकूट तथा (४) प्रतिच्छन्नकूट ।

(१) हेर्दामा एकैनास, एकैरूप भएका ढकहरू हुन्छन् । लिंदाखेरि ठूलो वा गहुँगोले लिन्छन् । दिंदाखेरि हलुङ्गोले दिन्छन् । यसैलाई 'रूपकूट' भनिएको हो ।

(२) लिंदाखेरि ढक भएको तिर तराजुको डण्डीमा औंलाले थिचिन्छ, दिंदाखेरि माल भएको तिर तराजुको डण्डीमा थिचिन्छ । यसलाई 'अङ्गकूट' भन्दछन् ।

(३) लिंदाखेरि तराजुको डोरीको तलतिर समातिन्छ, दिंदाखेरि डोरीको टुप्पोमा समातिन्छ । यसलाई 'ग्रहणकूट' भन्दछन् ।

(४) तराजुको खोक्रो डण्डिभित्र फलामको धूलो राखिएको हुन्छ लिंदाखेरि डण्डि पछाडितिर पारिन्छ र दिंदाखेरि अगाडितिर पारिन्छ । यसैलाई 'प्रतिच्छन्नकूट' भन्दछन् ।

८ यहाँ 'कंसकूट' भन्नाले सुनको भाँडोलाई छल्ने भनिएको हो । यहाँ कंस भनी सुनको भाँडोलाई भनिएको हो । *(कंसो वुच्चति सुवण्णपाति)* । यसमा छक्याउनु 'कंसकूट' हो । एउटा सुनको भाँडो बनाएर अर्का दुई-तीनवटा भाँडाहरूमा सुनको जलप लगाइन्छ । अनि जनपदमा गई कुनै धनाढ्यको घरमा गई सुनको भाँडो देखाइन्छ । सुनको भाँडो हो भनी कसरी जान्ने ? भनी सोधिंदा कसींमा सुनको भाँडो घोटेर देखाइन्छ र बाँकी अरू भाँडाहरू पनि सुनको भाँडा सरह नै राखि दिन्छ । यसलाई 'कंसकूट' भनिएको हो ।

९ 'मानकूट' *(मानामा छल्ने)* भन्नेमा– (१) हृदयभेद, (२) शिखाभेद तथा (३) रज्जुभेद गरी तीनप्रकारका भेदहरू छन् ।

१० यहाँ घूस लिने भनिएको मालिकलाई अमालिक र अमालिकलाई मालिक गराउनका निमित्त लिने-दिने घूसलाई भनिएको हो । साँचो कुरालाई झूटो र झूटो कुरालाई साँचो ठहऱ्याउनका निमित्त लिने-दिने घूसलाई पनि यहाँ 'घूस लिने' भनिएको हो ।

११ त्यस-त्यस उपायद्वारा अर्कालाई छलकपट गरी वञ्चना वा छक्याउने कामलाई यहाँ 'वञ्चना' भनिएको हो ।

१२ ठगविद्याद्वारा मोहित गराई वा भूलमा पारी अमणिलाई मणि, असुवर्णलाई सुवर्ण भनी नक्कली माल दिनेलाई यहाँ 'ठग्ने' *(निकति)* भनिएको हो ।

१३ अम्बपान, जम्बुपान, चोचपान *(बीउ भएको केरा)*, मोचपान *(बीउ नभएको केरा)*, मधुपान, दाखपान, सालुकपान *(रक्तनील उत्पल)* र फरुसकपान। यी अष्टपानलाई 'पान' भनिएको हो।

१४ कुनै खानपान वस्तुहरू 'भोलिका लागि' भनी जोगाइराख्नुलाई भिक्षुहरूको नियममा 'सन्निधिकार' भनिन्छ। यसो गर्नाले भिक्षुहरूलाई दोष लाग्छ।

एकचोटि ग्रहण गरी मध्यान्ह समयभित्रै खानुपर्ने खाद्य भोज्यवस्तुलाई 'यावकालिक' भन्दछन्। मध्यान्ह समयभित्रै खानेकुरा समयभित्र नखाई पछि खाएमा 'सन्निधिकार' लाग्छ।

दूध दहीबाहेक फलफूलको सर्बत आदि बिहान एकचोटि ग्रहण गरी बेलुकीसम्म पिउन हुन्छ। यस्तोलाई 'यामकालिक' भन्दछन्। यसो नगरी याम अर्थात् निर्धारित समय बिताई पिएमा 'सन्निधिकार' दोष लाग्छ।

औषधि आदि वस्तुहरूचाहिं एकचोटि ग्रहण गरेपछि एक सातासम्म खान सकिन्छ। यस्तोलाई 'सप्ताहकालिक' भन्दछन्। एक साता बितेपछि फेरि ग्रहण नगरी खाएमा 'सन्निधिकार' दोष लाग्छ।

पानीजस्ता वस्तुहरू जीवनभरसम्म कसैबाट ग्रहण नगरीकनै पिउन सकिन्छ। यस्तोलाई 'यावज्जीविक' भनी भन्दछन्।

अरू श्रमण ब्राह्मणहरूले चाहिं खाने वस्तुहरू 'भोलिका लागि' भनी जोगाइराख्छन् वा थुपारि राख्छन्। तर भिक्षुहरूले त्यसो गर्दैनन् भनिएको हो।

१५ एक-एक पङ्क्तिमा आठ-आठवटा घोडा राखेर खेल्ने जूवा। यस्तै दशपथको अर्थ शतरंज खेल भनी बुझ्नुपर्छ।

१६ खुट्टी खेल्ने खेल।

१७ गिर्खाको थुप्रो राखी त्यसबाट गिर्खा नचल्ने गरी गिर्खा झिक्ने खेल।

१८ हातखुट्टा आदिको लक्षण हेरी यस्तो मानिस दीर्घायु तथा यशस्वी आदि हुन्छ भनी जान्ने विद्या।

१९ 'निमित्तविद्या' भनेको बाहिरको कुनै कारण देखेर त्यसअनुसार भन्ने विद्या।

२० 'उत्पादविद्या' भनेको बिजुली चम्केर वज्र खसेको देखेर यसबाट यस्तो हुनेछ भनी भन्ने विद्या।

२१ 'स्वप्नविद्या' भनेको फलानो-फलानो समयमा यस्तो-यस्तो स्वप्न देखेमा यस्तो-यस्तो हुनेछ भन्ने विद्या।

२२ 'लक्षणविद्या' भनेको यस्तो-यस्तो लक्षणले युक्त हुने राजा हुन्छ अथवा उपराजा हुन्छ भन्ने विद्या।

२३ कुनै वस्तु वा वस्त्र मुसाले कोतरेको देखी यसबाट यस्तो-यस्तो हुनसक्छ भनी भनिने विद्या।

२४ यस्तो-यस्तो किसिमको दारुले होम गर्दा यस्तो-यस्तो फल पाइन्छ भन्ने विद्या।

२५ 'मुखहोम' भनेको मुखमा राखेको अन्न आदि यज्ञशालामा थुकेर गरिने होम।

२६ दाहिने काँधतिरको रगतले गरिने होम।

२७ लेखासम्बन्धी व्यवसाय गर्ने विद्या।

२८ 'शान्तिकर्म' भनेको भाकल गर्ने काम हो।

२९ 'प्रणीधिकर्म' भनेको काम सिद्ध भएपछि भाकल गरेअनुसार गरिने पूजा हो।

३० सिकेको मन्त्र घरमा बसी अभ्यास गर्ने काम।

३१ घर बनाउनका निमित्त भूमिभाग शुद्ध गर्ने काम।

३२ 'यो-यो वस्तु ल्याऊ' भनी वस्तुहरू राखी घर बनाउनुभन्दा पहिले पूजा गर्ने काम।

३३ असंयमताको कारणबाट जुन भय र त्रास मनभित्र लाग्छ, त्यस्तो भय र त्रास उसको मनभित्र हुँदैन भनिएको हो।

♦


# सूचना ! सूचना ! सूचना !

**नेपाल-पुत्र शाक्यमुनि बुद्धको प्रामाणिक वचन संगृहीत भएको त्रिपिटक ग्रन्थहरु वीर-पूर्ण पुस्तक संग्रहालयको आयोजनामा सम्मानित नेपाली भिक्षु तथा अनागारिकाहरुको एक विद्वत् परिषद्बाट आगामी दुई वर्षभित्रमै नेपाल भाषामा पूरा गर्ने र केही अंश नेपाली भाषामा समेत अनुवाद गर्ने लक्ष्य रहेको र हाल ती तयार हुँदै गरेको e-book को रुपमा हाम्रो देशलगायत विश्वको जुनसुकै देशबाट समेत वेभ साइटबाट निःशुल्क डाउनलोड गरी हेर्न सकिने भएकोले कृपया ती हेरी पढी सद्धर्म साक्षात्कार गर्नुहोला ।**

वेभ साइटको ठेगाना : **www.tipitakanepal.org**

अनुरोधक : **वीर-पूर्ण पुस्तक संग्रहालय**, गाबहाल, ललितपुर ।

# पालि त्रिपिटकमा आउने साम्प्रदायिक वर्गिकरणका बारे एक विचार-१



✍ भिक्षु सरणंकर
आनन्द कुटी विहार

४५ वर्षसम्म तथागतले देशना गर्नुभएको धर्म उहाँ जीवमान हुँदाको समयमा "बुद्धधर्म", "बुद्धवचन" आदि नामले परिचित थिए । "धम्म", "सद्धम्म", "धम्मचक्क", "पावचन", "सासन", "तन्ति", "सहिय", "पालि" आदि शब्दहरू बुद्धवचनको पर्यायवाची शब्दहरूको रूपमा पालि साहित्यमा भेटिन्छन् । थोरै समयपछि धम्मविनय भन्ने नामले बुद्धधर्म चिनिन थालियो । त्यसपछि "नवांगसथ्थुसासन" र वर्तमानमा "त्रिपिटक" नामले व्यवहार भएको हो ।

*तदेतं सब्बम्पि बुद्धवचनं रसवसेन एकविधं, धम्मविनय वसेन दुविधं, पठम मज्झिम पच्छिम वसेन तिविधं तथा पिटकवसेन, निकाय वसेन पंचविधं, अंगवसेन नवविधं, धम्मक्खन्धवसेन चतुरासिति सहस्स विधन्ति वेदितब्बं ......*

अर्थात् तथागतले देशना गर्नुभएको सबै धर्म रसको रूपमा हेर्दा एक प्रकारको र धर्मविनयको रूपमा हेर्दा दुई प्रकारका छन् । प्रथम-मध्यम पश्चिमको र पिटकको रूपमा हेर्दा तीन प्रकारकन छन् । निकायको रूपमा पाँच अंगका रूपमा नौ प्रकारको र धर्मस्कन्धको रूपमा चौरासिहजार भनी बुझ्नु पर्दछ ।

अर्थकथाचार्य बुद्धघोषले आफ्नो अर्थकथामा बुद्धधर्म लाई ७ प्रकारमा विभाजन गरिदेखाउनुभयो । उहाँले रसको रूपमा एक प्रकार भनी यसरी उल्लेख गर्नुभएको छ-

*सेय्यथापि भिक्खवे महा समुद्दे एक रसो लोन रसो,*
*एव मेव खो भिक्खवे अयं धम्मो एक रसो विमुक्ति रसो ।*

अर्थात् भिक्षुहरू जसरी महासमुन्द्रमा एउटै रस नुनिलो हुन्छ, त्यस्तै बुद्धधर्ममा पनि एउटै रस विमुक्ति रस छ ।

तथागतले बुद्धत्व प्राप्त गरेपछि ४५ वर्षसम्म देशना गर्नुभएको धर्मलाई नै यहाँ बुद्धधर्मको रूपमा लिइएको छ । बुद्धत्व प्राप्तिपछि अनुपादिशेष परिनिर्वाणसम्म[1] देवता, मनुष्य, नाग, यक्ष आदिलाई देशना गर्नुभएको सबै धर्म विमुक्ति रसले युक्त छन् । सउपादिशेष, अनुपादिशेष भनी निर्वाण दुई प्रकारका छन् । रूप, वेदना, सञ्ञा, संखारा, विञ्ञाण पञ्चस्कन्धलाई उपादि भनिन्छ । क्लेश विनाश गरी प्राप्त गर्ने निर्वाणलाई सउपादिशेष भनिन्छ । क्लेश विनाशसँगै शरीर पनि बाँकी नहुने गरी प्राप्त गर्ने निर्वाणलाई अनुपादिशेष भनिन्छ ।

अर्थकथाचार्य बुद्धघोष भन्तेले धम्मविनय वसेन दुविधं अर्थात् धर्मविनयको रूपमा बुद्धधर्म दुई प्रकार छन् भनी उल्लेख गर्नुभएको छ । समग्रमा तथागतको धर्म र विनय गरी दुई भागमा विभाजित भएको साक्षी त्रिपिटक साहित्यमा अनगिन्ति भेटिन्छन् । धम्मो च विनयो च देसितो पञ्ञतो देशना गरेको धर्म र नियम गरेको विनय । यो पाठमा धर्मविनय शब्द दुबै छ ।

*तथागतप्पवेदितो भिक्खवे धम्मो विवतो विरोचति नो पटिच्छन्नो* तथागतको धर्म र विनय खुल्ला राखे फैलिन्छ छोपि राखे फैलिदैन । यहाँ विनय भन्ने शब्दमा विनयपिटक र धर्म शब्दमा बाँकी अन्य बुद्धवचनअन्तर्गत हुन्छ । प्रथम धर्म संगायनामै धर्मविनयको विभाजन बारेमा उल्लेख भएको पाइन्छ । *आवुसो किं पठमं संगायाम धम्मं वा विनयं वा ति । भिक्खु आहंसु । भन्ते महाकस्सप विनयो नाम बुद्धसासनस्स आयु । विनये ठिते सासनं ठितं होति ।* सर्वप्रथम धर्म वा विनयमा कुन चाहिँ पहिला संगायना गर्ने भनी चर्चा हुनु त्यसपछि विनय भनेको शासनको आयु भएकोले प्रथमतः विनयलाई नै ठाउँ दिनुपर्ने कुरा उक्त पाठबाट प्रष्ट हुन्छ ।

बुद्धधर्म पठम मज्झिम पच्छिम वसेन तिविधं प्रथम मध्यम पश्चिम रूपमा तीन प्रकारका छन् भनी अर्थकथाचार्य देखाउँदछ । तथागतको प्रथम वचनको रूपमा-

*अनेक जाति संसारं सन्धाविस्सं अनिविसं*
*गहकारकं गवेसन्तो दुक्खा जाति पुनप्पुनं गहकारकं..........*

कसै कसैले माथि उल्लेख्य गाथा प्रथम बुद्धवचन होइन भनी *यदा भवे पातु भवन्ति धम्मा - आतापिनो झायतो ब्राह्मणस्स अथस्स .........* भन्ने यस गाथालाई प्रथम बुद्धचनको रूपमा मानेका छन् ।

उहाँको अन्तिम वचनको रूपमा-

*हन्ददानि भिक्खवे आमन्तयामि वो*
*वय धम्मा संखारा अप्पमादेन सम्पादेथ*

बाँकी अरू सबै मध्यम वचनको रूपमा देखाएको छ ।

बुद्धसमयमा पिटकको रूपमा विभाजन भएको नदेखिएता पनि सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक,

जातक, अब्भुतधम्म, वेदल्ल अंग नौ वटा धेरै सूत्रमा भेटिन्छ । अर्थकथाचार्यले पनि यसैलाई नवांगसत्थुसासनको रूपमा देखाएको छ ।

तथागत परिनिर्वाण १०० वर्षपछि भएको सत्तसतिक संगायनामा त्रिपिटक शब्द प्रयोग भएको देखिन्छ । ते पिटक वचन त्यसपछिका पश्चातकालीन लिपिहरूमा देखिन थालेको हो । सुत्त, विनय, अभिधर्मलाई त्रिपिटक भनिन्छ । अर्थकथामा पिटकको अर्थ यसरी उल्लेख भएको छ -

*पिटकं पिटकत्थ विदु परियत्ति भाजनत्थतो आहु*
*तेन समोधानेत्वा तयोपि विनयादयो ञेय्य*

भाँडोको रूपमा र पर्याप्त धर्मको रूपमा यहाँ पिटकको अर्थ दिइएको छ । वस्तु राख्नको लागि भाँडोको प्रयोग गरिन्छ । विनयधर्म आदि राखेको हुनाले पिटक भनिएको हो ।

त्रिपिटक एकै समयमा निर्माण भएको होइन । धेरैजसो सूत्रहरू तथागतले देशना गर्नुभयो । सारिपुत्र, मौद्गल्यायन आदि अर्हत् भिक्षुहरूले पनि सूत्रहरू देशना गर्नुभयो । संगायना गर्नुभएको अर्हत् भिक्षुहरूले बाँकी सम्पादन गर्नुभयो । यद्यपि समग्ररूपमा त्रिपिटकलाई तथागतकै वचन भनी सबैले स्वीकार्दछन् ।

**विनय पिटक** :

भिक्षु भिक्षुणीहरूको संवरको लागि देशना गर्नुभएको शिक्षापदहरू संग्रह गरिएको ग्रन्थलाई विनयपिटक भनिन्छ । अर्थकथाचार्यले विनयपिटकको अर्थ यसरी देखाएको छ -

*विविध विसेसनयन्ता विनयतो चेव कायवाचानं*
*विनयत्थ विदु हि अयं विनयोति अक्खातो*

विनय पिटकको विभाजन यसरी गरिएको छ ।

१. उभतो विभंग – पाराजिकापालि पाचित्तियपालि
२. खन्धक – चुल्लवग्गपालि महावग्गपालि
३. परिवार – परिवारपालि

भिक्षु भिक्षुणीहरूको शिक्षापद र निदान आदि विभक्त भएकोले पाराजिका र पाचित्तियपालिलाई विभंग भनिएको हो । यसलाई सुत्तविभंग पनि भनिन्छ ।

**पाराजिकापालि** : पाराजिका– ४, संघादिसेस– १३, अनियत– २, निसग्गीय पाचित्तिय –३० को बारेमा यसमा बयान गरिएको छ । पाराजिकाबाट शुरू भएकोले यस ग्रन्थलाई पाराजिका नाम दिइएको हो ।

**पाचित्तियपालि** : पाचित्तिय– ९२, पाटिदेसनिय– ४, सेखिया– ७५, अधिकरण समथ– ७

भिक्षुणीहरूको लागि विशेष शिक्षापद पनि यहाँ उल्लेख गरिएको छ । यो ग्रन्थ पाचित्तियबाट शुरू हुने भएकोले यसलाई पाचित्तिय नाम दिइएको हो ।

**चुल्लवग्ग पालि** : महावग्ग र चुल्लवग्गलाई खन्धक भनिन्छ । यसमा १२ वटा खन्धक छन् । पंचसतिक र सत्तसतिक खन्धक पछि संगायना गर्दा थपिएका हुन् । ती खन्धकहरू यसप्रकार छन्- १. कम्मखन्धक, २. परिवासखन्धक, ३. समुच्चयखन्धक, ४. समथखन्धक, ५. खुद्दकखन्धक, ६. सेनासनखन्धक, ७. संघभेदखन्धक, ८. वत्तखन्धक, ९. पातिमोक्खखन्धक, १०. भिक्खुणीखन्धक, ११. पंचसतिकखन्धक, १२. सत्तसतिकखन्धक ।

**महावग्ग पालि** : यसमा १० वटा खन्धकहरू छन् । ती खन्धकहरूले बुद्धचरित्र बुद्धकालीन भिक्षु समाजको ऐतिहासिक विकास, आचारविधि आदि बयान गरिएको छ । ती १० वटा खन्धकहरू यसप्रकार छन्–

१. महाखन्धक, २. उपोसथखन्धक, ३. वस्सुपनायिकखन्धक, ४. पवारणखन्धक, ५. चम्मखन्धक, ६. भेसज्जखन्धक, ७. कठिनखन्धक, ८. चीवरखन्धक, ९. चम्पेय्यखन्धक, १०. कोसम्बखन्धक ।

**परिवार पालि** : विनय पिटकको अन्तिम ग्रन्थकोरूपमा यसलाई लिइन्छ । यसमा परिवार १६ वटा छन् । यसमा अर्हत् महिन्ददेखि भिक्षुहरूको पारम्पारिक नामहरू छन् । त्यसकारण यो ग्रन्थ लंकामा रचना गरिएको मानिन्छ ।

**सुत्तपिटक** :

लौकिक लोकोत्तर अर्थ प्रकाश गर्ने भएकोले, राम्रो अर्थले युक्त एउटै धागोमा बाँधिएको कारणले यसलाई सुत्तपिटक भनिएको हो । तसर्थ अर्थकथामा सूत्रपिटकको बारेमा यसरी उल्लेख गरिएको छ–

*अत्थानं सुचनतो सुवुत्ततो सवनतो च सुदनतो*
*सुत्तानं सुत्तसभागतो च सुत्तं सुत्तन्ति अक्खातं*

सम्मुति देशना भएको यो सुत्तपिटक लोकवासीहरूले बुझ्नेगरी देशना गरिएको छ । सामान्य ब्यक्तिले पनि बुझ्नसक्ने गरी अति नै सरल तरिकाले देशना गरिएको यसलाई निम्न ५ भागमा विभाजन गरिएको छ–

१. दीघनिकाय, २. मज्झिमनिकाय, ३. संयुत्तनिकाय, ४. अंगुत्तरनिकाय, ५. खुद्दकनिकाय ।

**दीघनिकाय** : लामो सूत्र संग्रह गरी निर्माण गरिएको हुनाले यस ग्रन्थलाई दीघनिकाय नाम दिइएको हो । अर्थकाचार्य बुद्धघोषले सबै निकायहरूको सुत्तसंख्या दर्शाएर गाथाहरू रचना गरेका हुन् ।

*चतुतिंसेव सुत्तन्ता तिवग्ग यस्स संगहो*
*एस दीघनिकायो ति पठमं अनुलोमकंन*

तीन वर्गमा विभाजित गरिएको, लामो सुत्त ३४

वटाले युक्त भएको, क्रमिक रूपमा सर्वप्रथम संग्रह गरिएको दीघनिकाय हो । यसलाई तीन भागमा विभाजन गरिएको छ । १. सीलक्खन्धवग्ग, २. महावग्ग, ३. पाठिकवग्ग,

यस निकायमा बुद्धजीवनी, ब्राह्मण धर्म, अन्य धर्म, सील, समाधि र प्रज्ञा, भावना, तथागतको लक्षणको आदि धर्म संग्रह गरिएको छ ।

**मज्झिमनिकाय** : मध्य प्रमाणका सूत्रहरू संग्रहित गरेको हुनाले यसलाई मज्झिमनिकाय भनिएको हो ।

*दियड्ढसत सुत्तन्ता द्वे च सूत्तानि यस्स सो*
*निकाये मज्झिमो पञ्च दसवग्ग परिग्गहो*

यस निकायमा १५ वटा वर्ग , १५२ सुत्तले युक्त छ । पण्णासकको रूपमा यसलाई तीन भागमा विभाजन गरिएको छ ।

**मूलपण्णासक** ः -मूल परियायवग्ग सुत्त १०, सीहनादवग्ग सुत्त १०, ओपम्मवग्ग सुत्त १०, महायमकवग्ग सुत्त १०, चूलयमकवग्ग सुत्त १० ।

**मज्झिमपण्णासक** ः-गहपतिवग्ग सुत्त १०, भिक्खुवग्ग सुत्त १०, परिब्बाजकवग्ग सुत्त १०, राजवग्ग सुत्त १०, ब्राह्मणवग्ग सुत्त १० ।

**उपरिपण्णासक** ः देवदहवग्ग सुत्त १०, अनुपदवग्ग सुत्त १०, सुञ्ञतावग्ग सुत्त १०, विभंगवग्ग सुत्त १२, सलायतनवग्ग सुत्त १० गरी १५२ सुत्तले युक्त छ । यसमा बुद्धभाषित सूत्र र श्रावक भाषित सूत्रहरू छन् ।

**संयुक्तनिकाय** : तथागतले देवताहरू, ब्राह्मणहरू, गृहपतिहरू आदि विभिन्न ब्यक्तिहरूको प्रश्न निराकरण गरिएको तरिकाले देशना गरिएको सुत्त यस निकायमा छ । देवता, ब्रह्मा, गृहपति आदिलाई देशना गरिएको सूत्रहरू संयुक्त रूपमा राखिएकोले यसलाई संयुक्त निकाय भनिएको हो ।

*सत्त सुत्तसहस्सानि सत्त सुत्तसतानि च*
*द्वासट्ठि चे व सूत्तन्ता एसो संयुक्त संग्गहो*

७,७६२ वटा सुत्तले युक्त भएको यस ग्रन्थमा धातु, खन्ध, ध्यान, मार्गफल, सतिपट्ठान, बोज्झङ्ग आदि संग्रह गरि एको छ ।

संयुक्तनिकाय, सगाथवग्ग, निदानवग्ग, खन्धकवग्ग, सलायतनवग्ग, महावग्ग गरी ५ भागमा विभाजन गरिएको छ । यसमा ६४ वटा संयुक्तहरू छन् । यसमा सुत्तसंख्या ७७६२ वटा छन् भनिएतापनि वर्तमानमा सुत्तसंख्या ७२४१ मात्र छन् । बाँकी सूत्रहरू समयसँगै विस्तारै हराउँदै गएको हुनुपर्दछ ।

बाँकी अर्को अंकमा...

सम्झनुहोस्

सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| **निक्षेपतर्फ** | | **ब्याजदर** |
|---|---|---|
| १. बचत खाता | | ९% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ९.५०% | १०% |
| १ वर्ष | १२% | १२.५०% |
| २ वर्ष | १२.५०% | १३% |
| ३ वर्ष | १३% | १४% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी र कम राखेमा मासिक रूपमा १३% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्ष मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा एक महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**

नेपालभाषा

## भन्ते भिंतुना !



- दुर्गालाल श्रेष्ठ

पूज्यपाद कुमार भन्ते
क्यन हँ छ:पिं चय्‌प्यदँ
जिगु मिखाय्‌ ला लू नि आ: नं
बैश छ:पिनि भिंखुदँ

भीगु भाषा, धर्म गन तक
च्वंच्वनी चकिचकि नया:
अन तकं छ:पिनिगु आयु
मखु, वनी मखु, भ्वा: जुया

जिमि लुमं छ:पिनिगु गुगु ख:
देश-निर्वासन उगु
माल धा:सा पात्र त्व:ता:
चुपि ल्हवनेगु साहस उगु

गुखे यनी, उखे भी वनेमा:
देश, काल परिस्थितिं
ख: थ्व हे शीलाचरण ख:
धर्म म्वानाच्वंगु चिं ।

नेपालीभाषा

## नेपालको पहिलो त्रिपिटकाचार्य

- केशरी वज्राचार्य



प्राकृतिक सौन्दर्यले
परिपूर्ण नेपाल
त्यही परिपूर्णताभित्रको तानसेन,
त्यही तानसेनको काखमा
हुर्किएको एक कुमार
वर्तमान नेपालको बौद्ध इतिहासमा
नेपालकै पहिलो र एक्लो व्यक्तित्व
'त्रिपिटकाचार्य' पूज्य भिक्षु कुमार काश्यप
नेपालको पूनर्जागरित थेरवाद बौद्ध मुटुको
वर्तमान स्पन्दन
नेपाली बौद्धहरूको शान !
त्यही शानभित्र चालिएका
पाइलाहरू !
नेपाली भूमिभित्र र बाहिर
आज स्मृति, ध्यान र स्पन्दनमा
मगमगाइरहेछ, आल्हादित भइरहेछ
त्यो क्षण
श्रामणेर ! देश निकाला !! उपसम्पदा !!!
नेपालको पूनर्जागरित थेरवाद बौद्ध
संचार क्षेत्रमा अवतरित
नेटवर्किङसँगै
ई लाइब्रेरीमा प्रवेश भएको वर्तमान
त्यही शानभित्र चालिएका
पाइलाहरू !
८४ सियौं वर्ष प्रवेशका पाइलाहरू
पूज्य त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप
वन्दना ... वन्दना // ... वन्दना ... ///

दशपारमिता-७

# दान पारमिता



✍ आचार्य भिक्षु कुमार काश्यप

*वंगु ल्याः पाखें कथहं ....*

**धम्मदान –** क्लेश मदयेका छ्वयेत गुगु अनुत्तरगु धर्मदेशना सुनानं याइ, वयात हे धर्मदान याःगु धाइ । प्राणीपिंत ओवाद उपदेश बियाः हितोपकार यायेगु नं धर्मदानय् दुथ्याः । अधर्म व असत् मार्ग धर्म व सत्मार्गय् हयेगु नं धर्मदान जुइ । वथें हे बुद्धया शासनय् वा धर्मय् वःपिंत प्रज्ञावान यानाबीगु व दान, शील, सर्ग व कामया आदिनव बारय् धर्मदेशना यायेगु अभ्फ श्रावक, प्रत्येक व बोधिसत्त्वया चरित्र थुइकाः खँ बीत अथवा अजागु सद्गुण दयेके बीत कनेगु नं धर्मदान विशेष हे जुइ । धयातःगु नं दु, "सब्ब दानं धम्म दानं जिनाति ।" अर्थात् फुक्क दानयात धर्म दानं त्याकी । छाय् धाःसा प्रज्ञा हे मनूतय् रत्न खः । बिनाः धर्मदानं प्राणीपिं प्रज्ञावान जुइमखु ।

थ्वयां अतिरिक्त चित्तयागु सदाशयताया विपुलता नं त्यागया अन्तरगत जू । छाय्धाःसा थुकी संकीर्णतायात तोताच्वनीगु भाव दु । दानवस्तु व दान ग्राहक मदुगु चित्तया थ्व दानयात मनोमय दान धाइ ।

## दानया पूजा विधि व अनुकम्पा विधि

दानयात ग्राहकप्रतिया व्यवहार दृष्टिकोणं नं अनेक भेद याये ज्यू । पूजा विधि व अनुकम्पा विधि इपिं मध्यय् निगू दानया भेद खः ।

सम्मान व आदरभावं सुयातं बीगुयात पूजा दान धाइ । लोकोपकारी सत्पुरूष वर्गया, श्रमणपिनि वा भिक्षुपिनिप्रति सम्मान तसे गुगु परित्याग याइ व छखें दान खः, मेखें सद्गुण सत्चरित्रया पूजा खः । बौद्ध दान प्रवृत्तियात म्हसीकेत थनथाय्या खँ हे भ्फीसं बांलाक थुइकेमाः । धात्थें हे पवित्र जुयाः लोक उपकारया ज्याय् जीवन उत्सर्ग यानाः लिमलाका जुइपिनि छँ बुँया चिन्ता यानाच्वने लाइमखु, न्ह्याइमखु, छिनीमखु । उकिं उजागु वर्ग अर्थात् भिक्षुसंघया सेवा उपस्थानया निंतिं बुद्धं उपासक उपासिकापिंत जिम्मा बियाबिज्यात । अले बुद्धं थुजागु श्रद्धान्न बांलाक गुण-धर्म पालन मयासें नयेगु स्वयां ह्याउँक छुयातःगु मिग्वारा नयेगु उत्तम धकाः भिक्षुपिंत सतर्क यानाबिज्यात । सत्चरित्रवान सत्पुरूषपिनि संरक्षणया निंतिं ग्वाहालि बीगु हे उकिं पूजा दान धाइ । शीलवानपिंत बीगु दान उकिं श्रेष्ठ जुइ । अंकुरं भ्फिंनिगू योजन भुतू दयेकाः भ्फिद्वः दिंतक तःधंगु दान बिल, तर प्रतिग्राहक शीलवानपिं प्राप्त मजूगुलिं वयात तःधंगु फल प्राप्त मजू । थ्वया विपरीत इन्दकं छन्हु छगू चमच जा जक क्षीणाश्रव अनुरूद्ध भन्तेयात ब्यूगु जूसां वयात महान फल प्राप्त जुल । भिंगु बुँ भिंगु पुसाया उदाहरणं दायक व प्रतिग्राहकया महत्त्वयात थुइके फु । बुँ भिनाः नं पुसा मभिंसा गथे फल बांलाइ मखु, अथे हे प्रतिग्राहक सचरित्र जुयाः नं दायक दुश्चरित्र जूसा फल बांलाइमखु । अथवा पुसा भिनाः नं बुँ मभिंसा गथे फल बांमलाःगु जुइ, अथे हे दायक सचरित्र जूसां ग्राहक दुश्चरित्र जुइबलय् फल बांमलाःगु जुइ । पुसा नं मभिं बुँ नं मभिंबलय्या फल ला भ्फन हे बांमलाइगु जुइ, वथें हे दाता व ग्राहक दुश्चरित्र जुइबलय् जुइ । अले पुसा नं भिं, बुँ नं भिनीबलय् गथे फल बांलाइ, अथे हे दायक व ग्राहक सचरित्र जुइबलय् फल बांलाइ । अथे धकाः दान दुश्चरित्रपिंत बी हे मज्यू धाइमखु । विशेषतः बोधिसत्त्वपिनि नुगः महाकरूणां जाइगु जूगुलिं इमि हृदय करूणाया पात्रपाखे क्वसाली । शीलवानम्ह दान ग्राहक जक माला जुयां वया दान पूमवं । मेखे हानं दानया सुफलया आशा आकांक्षाय् जक बोधिसत्त्वपिनि दान पारमिता कुण्ठित जुइ नं मखु । बोधिसत्त्व भाव हे आत्मभाव उत्सर्गय् दिनाच्वनी । प्राणीपिनि हित यायेगु भिंयायेगु निंतिं थःगु वस्तुया परित्यागीपिं लिसें अतीत, वर्तमान व अनागत-कालया कुशलाकुशलत्वया आकर्षणं तकं इपिं विभुक्तपिं जुइ । उकिं दुःखी व अज्ञानीपिं वया निंतिं विशेष व्यापकगु दान क्षेत्र जुयाच्वनी । हानं पारमिता गुणधर्म करूणा व कौशल्यया आरक्षित भावय् दुने च्वनाः न्ह्याबलें न्ह्यागुं बीत स्वइ । थथे बी खनीगुली हे संतोष व आनन्दया अनुभव याइ ।

आयु, वर्ण, सुख, बल व प्रज्ञा न्यागू सम्पदा थें

हे निर्वाणत्वया कामनाय् आहार दान बी । काम क्लेशया पिपाशां शान्ति कायेत हे लः दान याइ । लज्जा व त्रास तोपुइत हे वस्त्र दान याइ । वथें हे ऋद्धि व निर्वाण सुखार्थ सुगन्ध, बुद्धगुणया शोभा उत्पत्तिया लागी माला गन्ध, बोधि मण्डपया निंतिं व तथागतया शयनया लागी आशन, शरण भावार्थय् आवास, पंचचक्षुया निंतिं प्रदीप, सकल लोकं ययेकेत रस, अजरामय भावया निंतिं वासः, आर्यजाति लायेत पुत्र, संसारया श्रेष्ठत्व भाव लायेत भार्या, धर्मराज्य दयेकेत राज्य दान बी । न्ह्यागु दान याःसां बोधिसत्त्वया उद्देश्य बुद्धत्व जुइ । धात्थें धाःसा बोधिसत्त्वपिं बाह्य दानं जक संतोष जुइ मखु, थःगु शरीरांग व प्राणतकं माःथाय् माःकथं परित्याग याइ ।

### स्वंगू दान पारमिता

दान बीम्हेसिया बाह्य वस्तुकय् प्यपुंगु थःगु लोभ त्याकेत छुं बीगु हे दान पारमिता खः । अले दान वस्तु व दान बीम्हेसिगु थाकुगु त्याग कथं दान पारमिता स्वंगू दु । धन सम्पत्ति, काय्-म्ह्याय् व कलाः आदि परित्याग यायेगु दान पारमिता खः । थ्व पारमिता पूर्ण यायेबलय् सदां 'करूणोपाय कोसल्ल परिग्गहिता अत्तपकरण परिचाय चेतना' अर्थात् 'करूणा, उपाय व कौशल्य गुणं युक्त जुयाः थःगु उपकरण तोतेगु चेतना' दयेमाः । हानं थःगु शरीरया अंग प्रत्यंग हे परित्याग यानाः दान बीगुयात उप-पारमिता धाइ । अले थःगु जीवन प्राण पर्यन्त उत्सर्ग यायेगुयात दान परमत्थ पारमिता धाइ । आः थन थ्व स्वंगू पारमिताया विषयय् अलग बिचाः याये ।

### दान पारमिता

यथापि कुम्भो सम्पुण्णो, यस्स कस्सचि अधो कतो ।

वमते उदकं निस्सेसं, न तत्थ परिरक्खति ॥

तथेव याचके दिस्वा, हीनमुक्कट्ठ मज्झिमै ।

ददाहि दानं निस्सेसं, कुम्भो विय अधो कतो'ति ॥

गथे लखं जाःगु घः सुं छम्हसिनं भ्वःपुइका बीवं, ब्याक्क लः वाइ, अन भतिचा हे ल्यनीमखु । वथें हे छं उत्तम, मध्यम व निम्न ब्याक्क प्रकारया याचकत खनीबलय् भ्वःपूगु कलश थें जुयाः सम्पूर्ण दान या । थ्व हे बुद्धत्वया निदान बाखं खः, आदर्श खः ।

बोधिसत्त्वं दान पारमिता पूर्ण यानाः हे तिनि मेगु पारमिता पूर्ण यायेगु याइ । हानं मेमेगु पारमिता पूर्ण यायां वनीबलय् नं दान पारमिता पूर्ण यानाच्वनी । भ्री बोधिसत्त्वया बुद्धत्व प्रार्थना जूगु सुमेध तापसया जीवन अर्थात् न्हापांगु बोधिसत्त्व जीवनदान पारमितां शुरू जुल । अले अन्तिम बोधिचर्या पूर्ण याःगु विश्वन्तरया जीवनय् नं दानपारमितां हे पूर्ण जुल । थुकथं दान पारमिता धयागु बोधिसत्त्व चर्याया मूल आधार हे खने दयाच्वन । उकिं हे मेमेगु अनेक पारमिता पूर्ण याये मालीबलय् दान पारमिता नं व लिसे लिसें पूर्ण याये मालीगु जुयाच्वन । छँ-बुँ धन सम्पत्ति गुलि नं त्याग यानाः विभिन्न पारमिता पूर्ण यानाबिज्यायेत ऋषि प्रव्रजित जुयाबिज्यात, उकी थ्वहे दानपारमिता पूर्ण जूगु खनेदु । बोधिसत्त्व जीवनय् तसकं थाकुगु परित्याग नं अभ्यासं अःपुसे च्वनी । दानपारमिताया उदाहरण जुइगु यक्वं बाखं च्वय् वनेधुंकल । अय्नं थन पुवंक तर बःचाहाकलं दानपारमिताया छगू बोधिसत्त्व चर्या न्ह्यथने :-

......कथहं


**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

# बिश्व मोटर ट्रेडर्स

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि**
**गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

# Socio-economic development through Modern or Buddhist Economics

✍ Shankar L. Chaudhary

Much has been debated about the social and economic development but nevertheless problems have been solved. There has been failure in this filed due to improper methodology and technology. So there must be some way out to rectify this issue.” Right livelihood” is one of the requirements of the Buddha’s Noble Eightfold Path. It is clear, there fore, that there must be such a thing as Buddhist economics.

A modern economist may engage in highly sophisticated calculations on whether full employment “pays’ or whether it might be more “economic’ to run an economy at less than full employment so as to ensure a greater mobility of labor, a better stability of wages, and so forth, His fundamental criterion of success is simply the total quantity of goods produced during a given period of time. “If the marginal urgency of goods is low’, says Professor Galbraith in The Affluent Society, “then so is the urgency of employing the last man or the last million men in the labor force”.

From a Buddhist point of view, this is standing the truth on its head by considering goods as more important than people and consumption as more important than creative activity. It means shifting the emphasis from the worker to the product of work, that is, from the human to the subhuman, surrender to the forces of evil. The very start of Buddhist economic planning would be a planning for full employment, and the primary purpose of this would in fact be employment for everyone who needs an ‘outside” job, it would not be the maximization of employment nor the maximization of production. Women on the whole, don’t need an “outside’ job, and the large-scale employment of women in offices or factories would be considered a sign of serious economic failure. In particular, to let mothers of young children work in factories while the children run wild would be as uneconomic in the eyes of a Buddhist economist as the employment of a skilled worker as a soldier in the eyes of a modern economist.

For the modern economist this is very difficult to understand. He is used to measuring the “standard of living” by the amount of annual consumption, assuming all the time that a man who consumes more is “better off’ than a man who consumes less. A Buddhist economist would consider this approach excessively irrational: since consumption is merely a means to human will-being, the aim should be to obtain the maximum of well-being with the minimum of consumption.

The challenge of Man’s Future, here Professor Harrison Brown of the California Institute of Technology gives the following appraisal:

Thus we see that, just as industrial society is fundamentally unstable and subject to reversion to agrarian existence, so within it the conditions which offer individual freedom are unstable in their ability to avoid the conditions which impose rigid organization and totalitarian control .Even if this were dismissed as a long-term, view there is the immediate question of whether” modernization”, as currently practiced without regard to religious and spiritual values, is actually producing agreeable results. As far as the masses are concerned, the results appear to be disastrous a collapse of the rural economy, a rising tide of unemployment in town and country, and the growth of a city proletariat without nourishment for their body or soul.

It is in the light of both immediate experience and long-term prospects that the study of Buddhist economics could be recommended even to those who believe that economic growth is more important than any spiritual or religious values. For it is not a question of choosing between “modern growth” and “traditional stagnation”. It is a question of finding the right path of development, the Middle Way between materialist heedlessness and traditionalist immobility, in short, of finding “Right Livelihood.”

Moreover, the global economy is overwhelmingly controlled and run by consumerism and salespersons in which things are brought not because people need them but because they want them. The modern economic notion that more production of goods would make people happy is misplaced. As pointed out by Schumacher, an attitude

to life which seeks fulfillment in the single –minded pursuit of wealth in short, materialism does not fit into the world, because it contains within itself no limiting principle, while the environment in which it is placed is strictly limited.

**Interdependence and reciprocity are Fundamental to Buddhism Economic Thought:**

Not only the inherent value of life itself but also the interdependence and reciprocity of human and other forms of life are a fundamental Buddhist belief. In other words, as part of the Dependent Arising (paticcasamuppada), humans are seen as affecting their environment not only through the purely physical aspects of their actions, but also through the moral and immoral qualities of such actions. That is, karmic effects sometimes catch up with people via their environment. This message is also strongly implied by the Aggnna Suttanta of the Digha Nikaya (III80-98), which shows that how in the beginning nature was bountiful, but it became less so when humans began to take greedily from it. When they began to harvest more rice than they needed, it was not naturally able to grow quickly enough. This necessitated cultivation which in turn caused division of land into private fields, so that property was invented. Origin of private property became the root cause of different social and economic ills.

**Buddhist Economics is guided by cooperation and Human well-being instead of competitiveness and Exploitation:**

Our current socio-economic system promotes competition rather than cooperation. This is bound to generate conflict and resentment .Production must serve the real needs of the people, not the demands of the economic system. Buddhism promotes a wide distribution of basic necessities so that no one has to suffer deprivation as deprivation is the root cause of social conflict.

**Buddhist Economics is devoid of Egoism and Greed:**

Hoarding wealth in any form is looked down upon in Buddhism (v4.III222) and if a wealthy person were to enjoy his wealth all by himself only, it would be a source of failure for him (sn.v.102). In fact, pride of wealth or economic snobbery is given in Buddhism as a cause of one's downfall (sn.v.104)

**Profitability can never be the sole criterion in Buddhist Economics**:

In the present profit –driven global economic system anything that is "uneconomic" is sought to be obliterated out of existence. Buddhist economics would take into account not only the profitability of a given activity, but also its effect upon people and environment.

**Buddhist Economics emulates voluntary simplicity, contentment, Liberality, and Generosity**:

By pointing out that the vulgar chase of luxury and abundance is the root-cause of suffering. Buddhism encourages restraint, voluntary simplicity, and contentment. The cultivation and expansion of needs is the antithesis of wisdom. It is also the antithesis of freedom and peace.

**Buddhist Economics aims at Localization and Decentralization:**

As pointed out by Schumacher, from the point of view Buddhist economics production from local resources for local needs is the most rational way of economic life, while modern economists differ from these assumptions.

**Buddhist Economics aims at achieving maximum Non-wastefulness and Recycling**:

To-day we understand natural capital as the sum total of renewable and non-renewable resources, including the ecological systems and services that support life. It is different from conventionally defined capital in that natural capital cannot be produced by human activity. What was unimaginable 50years ago was the speed with which the loss of natural capital would affect human mankind.

**Buddhist Economics would use Middle-ranged Technologies with a Human Face**:

Since human beings are social creatures who naturally come together for common ends, this means that a social order guided by Buddhist principles would consist primarily of small-scale communities in which each member can make an effective contribution. Only small-scale social arrangements can rescue people from the portending future disaster. Considering from a Buddhist point of view, the huge polluted mega cities and uncaring

bureaucrats and politicians typical of our age are unsuitable for a proper welfare of sentient beings. The most suitable and compatible economy would be small-scale and localize.

**Buddhist Economics lays emphasis on Economic Justice, social Equity, and Right Livelihood**:

Economic justice and social equity are essential and very pertinent issues so that no one is deprived of a fair standard of living. As Schumacher said the problem children of the world are the rich societies and not the poor. To live peacefully, we must live with a reasonable degree of equity, or fairness, for it is unrealistic to think that, in a communications-rich world, a billion or more persons will accept living in absolute poverty while another billion live in conspicuous excess. Only with greater fairness in the consumption of the world's resources can we live peacefully, and thereby live sustain ably, as a human family.

**Buddhist Economics would have Reverent Attitude towards nature**:

The Buddhist values mean that environment should not be over exploited. As the Tibetans say very wisely that not too much of anything that is precious should be taken from the earth, as then its quality fades and the earth is destroyed. The Buddhist ideal, in fact, is co-operation with nature, not domination. As pointed out by E.F. Schumacher; the world is ruled from towns where the feeling of belonging to an ecosystem is not realized .his results in a harsh and improvident treatment of things upon which we ultimately depend, such as water and trees.

**People and not Goods that Matter in Buddhist Economics**:

Pollution and accumulation of large amounts of highly toxic substances is an important feature of the emerging global economy. An entirely new system of thought is needed, as system based on attention to people, and not primarily attention to goods. It could be concluded up this way, production by the masses, rather than mass production, what was impossible, however in the nineteenth century, is possible now, That is, the conscious utilization of enormous technological and scientific potential for the fight against misery and human degradation- a fight in intimate contact with actual people, with individuals families small groups, rather than states and other anonymous abstraction.

**Instead of Indulging in Mass-production, Buddhist Economics would produce for the Masses**.

The driving force of such an economy would be the promotion of well-being both material and social, not commercial profit and unrestrained expansion, The technology of mass production is inherently violent, economically damaging ,self-defeating in terms of non-renewable resources , and stultifying for the human person. The technology of production by the masses, making use of the best of modern knowledge and experience, is conducive to decentralization, compatible with the laws of ecology, gentle in its use of scarce resources, and designed to serve the human person instead of making him the servant of machines.

**Buddhist Economics would shift the Emphasis from Material to Spiritual Needs:**

We are trying to satisfy nonmaterial needs with material goods. For Buddhism material satisfaction merely provides a starting point for the pursuit of higher goals. The Buddha called upon people to wake up and liberate them from the illusion that craving for things leads to happiness. The ownership and the consumption of goods is a means to an end, and a Buddhist economics is the systematic study of how to attain given ends with the minimum means.

In fact Buddhist economics aims at towards purification of human character:

Buddhist economics is very different from the modern economics, modern materialism, since the Buddhist sees the essence of civilization, real human values, morality not in a multiplication of wants but in the purification of human character.

Thus we see that Buddhist economy is more sustainable and pragmatic. So, small nations like Nepal should move towards this to achieve better economy, peace and harmony in a short period of time. ♦

# बौद्ध गतिविधि

## आनन्द कुटीमा मासिक बुद्धपूजा-धर्मदेशना

७ आश्विन, स्वयम्भू । येंयाः पुन्हि-आश्विन पूर्णिमाका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनापछि उहाँ महास्थविरबाट बुद्धपूजा गराउनुभयो । त्यसपछि भिक्षु शरणंकरले जीवनमा सुखशान्ति प्राप्त हुने कथात्मक उपदेश देशना गर्नुभयो ।

## भिक्षु महासंघको वार्षिक सभा सम्पन्न

१८ आश्वीन, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघको ६० औं वार्षिक साधारण सभा नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरको सभापतित्व एवं निवर्तमान अ.ने.भि. महासंघका अध्यक्ष श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविरको विशेष आतिथ्यमा मीनभवनस्थित महासंघकै प्रधान कार्यालय विश्वशान्ति विहारमा सम्पन्न भयो । महासंघका सचिव भिक्षु धर्ममूर्तिबाट प्रेषित समाचारअनुसार आपत्ति देशना र बुद्धपूजापश्चात् शुभारम्भ भएको पहिलो सत्रमा संघउपनायक संघनायक भिक्षु अश्वघोष महास्थविरले सभाको अध्यक्षता ग्रहण गर्नुभएको थियो भने दोस्रो सत्रमा वरिष्ठ भिक्षु ज्ञानपूर्णिक महास्थविरले अध्यक्षता ग्रहण गर्नुभएको थियो ।

अ.ने.भि. महासंघका सचिव भिक्षु धर्ममूर्ति महास्थविरद्वारा वार्षिक प्रतिवेदन, कोषाध्यक्षबाट आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । वार्षिक प्रतिवेदनमा विभिन्न उपसमितिहरू बनाई धर्म प्रचारप्रसार एवं व्यवस्थापन पक्ष र कार्यान्वयन पक्षलाई अझ सुदृढ गर्दै लैजानु र लुम्बिनि विकास कोषले उपलब्ध गराउने भएको EC9 को 80*80m को जग्गामा बुद्ध विहार निर्माण गर्ने भएकोले संघसदस्य एवं सबै श्रद्धालुलाई यथासक्य आर्थिक सहयोग प्रदान गर्न विशेष आग्रह गर्नुभयो । साथै अ.ने.भि. महासंघको स्वास्थ्य कोषमा रू. ५००,०००।- पाँच लाख राख्ने र अन्य श्रद्धालुलाई यथासक्य सहयोग गर्न पनि आग्रह गर्नुभयो । हालसालै श्रीमति डा. केशरी लक्ष्मी मानन्धरले मोतिलक्ष्मी उपासिकाको पुण्यस्मृतिमा रू. पाँचलाख उक्त कोषलाई दान दिने घोषणा गर्नुभएको थियो ।

छलफलको क्रममा पूर्व सचिव भिक्षु कोण्डन्यलगायत अन्य भिक्षुहरूले आ-आफ्नो मन्तब्य प्रकट गर्नुभयो । ओवाद देशनाको क्रममा संघउपनायक भिक्षु अश्वघोष महास्थविरले अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो । अन्तमा आचार्य कुमार काश्यप महास्थविरले पनि सबै संघसदस्यहरू स-साना कुराहरूमा नअल्भी एकजूट भएर बहुजन हिताय सुखायको लागि अगाडि बढ्नुपर्ने बताउनुभयो । यसरी नै भिक्षु ज्ञानपूर्णिक महास्थविरले दोस्रो सत्रको समापन गर्नुहुँदै आफूमा भएको कमीकमजोरीलाई महसुस गरी सच्याउँदै अगाडि बढ्न सकेमा अ.ने.भि.महासंघले गति लिनसक्ने बताउँदै सभा विसर्जन गर्नुभयो ।

उक्त दिन भोजन दाताको रूपमा अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले भोजन तथा भिक्षु धम्मपालले जलपानको सम्पूर्ण आर्थिक व्ययभार वहन गर्नुभएको थियो । भोजन दाताका दिवंगत आमाबुबासहित ज्ञानबन्धुलाई निर्वाण कामना गरी पुण्यानुमोदन र चियापानसँगै साधारण सभा सम्पन्न भयो ।

## आनन्द कुटी विहारको वार्षिक सभा सम्पन्न

२३ आश्विन, स्वयम्भू । नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरको विशेष आतिथ्यत्व, आनन्द कुटी विहारका प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरको समुपस्थिति तथा आनन्द कुटी विहार संस्थाका अध्यक्ष भिक्षु मैत्री महास्थविरको सभापतित्वमा आनन्द कुटी विहारको ३९ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सदस्य सचिव भिक्षु धर्ममूर्ति महास्थविरले प्रस्तुत गर्नुभएको वार्षिक तथा आर्थिक प्रतिवेदनलाई छलफलपछि अनुमोदन गरियो । २०२९ सालमा दिवगंत आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविरद्वारा संस्थापित आनन्द कुटी विहार गुठीको विधान संशोधन भई गतवर्ष आनन्द कुटी विहार संस्थामा परिणत भएको थियो । सभामा प्रस्तुत आर्थिक विवरणअनुसार आर्थिक वर्ष २०६६-२०६७ को कुल संचित रकम रू. १,७६,२३,०४५।८५ (एक करोड छयोत्तर लाख तेबिस हजार पैंतालिस रूपैयाँ पचासि पैसा) विहारको पुँजीकोष रहेको जनाइएको छ ।

विहारका सहसचिव भिक्षु प्रज्ञारत्नले साधारण सभा संचालन गर्नुभयो ।

## मेत्ता सेन्टर वार्षिक उत्सव

१६ आश्विन, बनेपा । मेत्ता सेन्टरका संरक्षक नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरको सभापतित्व, समाजसेवी सभासद् एवं उद्योगपति पद्मज्योतिको प्रमुख आतिथ्यत्व तथा सेन्टरका अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरको उपस्थितिमा मेत्ता सेन्टर, मैत्री केन्द्र वाल आश्रमको १० औं वार्षिक उत्सव ध्यानकुटी विहारमा सम्पन्न भयो ।

सेन्टरका सचिव भिक्षु राहुल महास्थविरद्वारा वार्षिक प्रतिवेदन प्रस्तुत गरिएपछि आश्रमका वालिकाहरूद्वारा कविता, मन्तब्य एवं नृत्य प्रस्तुत गरिएपछि सेन्टरसम्बन्धी डक्युमेन्ट्री प्रदर्शन गरियो । सभासद् पद्मज्योतिले आश्रममा भऱ्याङ्को बार राखिदिने वचन दिनुभएको सो कार्यक्रममा आश्रमका लागि आजीवन वार्षिक भोजन दाता हुनुभएका तथा विशेष योगदान पुऱ्याएका महानुभावहरूलाई कदर गरियो ।

## स्वार्थ त्यागी राष्ट्र निर्माणमा लाग्नुपर्ने

काठमाडौं । आनन्द कुटी विहार संस्थाका तथा लुम्बिनीस्थित अन्तर्राष्ट्रिय बौद्ध समाजका अध्यक्ष भिक्षु मैत्री महास्थविरले राजनीतिक दलका नेताहरूले संकीर्ण स्वार्थभन्दा माथि उठेर राष्ट्रको निर्माणमा एकजूट भएर लाग्नुपर्ने बताएका छन् । उनले स्वस्थ र सभ्य समाज निर्माणका लागि राजनीतिज्ञहरू समयमा संवेदनशील नभएमा राष्ट्रियता सङ्कटमा पर्ने उल्लेख गरे ।

दिवंगत भिक्षु अमृतानन्दसँग २०२५ सालमा श्रीलंका पुगेका भिक्षु मैत्रीले १२ वर्षसम्म सोही स्थानमा रहेर मुलुकको पहिचानका लागि विभिन्न कार्य गरेका थिए । उनले श्रीलंका नेपाल फ्रेन्डसिप कल्चर काउन्सिल गठन गरी श्रीलंका ब्रोडकास्टिङ्ग कर्पोरेशनमा रहेर चार वर्षसम्म नेपाली कार्यक्रम प्रस्तोताको रूपमा काम गरेका थिए ।

उनले नेपाल टेलिभिजनको स्थापना कालदेखि १५ वर्षसम्म साधना सङ्गमअन्तर्गत धर्म, संस्कृति र दर्शनसम्बन्धी कार्यक्रम सञ्चालन गरी सो क्षेत्रमा नयाँ सञ्चार प्रवाह गरेका थिए । भिक्षु मैत्रीले देवी-देवताको नाममा रगतको खोला बगाउने देशमा कहिले पनि स्थायी शान्ति हुन नसक्ने दावी गरे । उनले पशुबली रोक्न सरकारसँग माग गरेका छन् ।

(श्रोत नागरिक दैनिक, २५ भाद्र, २०६७)

## जितवनमा प्रव्रज्या तथा पुरस्कार वितरण

जितवन विहार, थानकोटमा गत भाद्र २३ गते विहार प्रमुख शासनकीर्ति श्री भिक्षु अशोकको आचार्यत्वमा कोण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजिको नाउँले पाँचजना उपासकहरू सिद्धि बहादुर महर्जन, शंकर मानन्धर, लाल महर्जन, भक्त बहादुर श्रेष्ठ र सूर्य बहादुर महर्जनलाई अल्पकालीन श्रामणेरदीक्षा प्रदान गरियो । स्मरण रहोस् थानकोटस्थित जितवन विहार निर्माणका दातामध्ये एकजना शंकर मानन्धर हुन् भने शुभमंगल विहार निर्माणका दाता लाल महर्जन हुन् ।

यसरी नै आश्विन २ गते भिक्षु अशोकको सभापतित्व तथा भिक्षु पियदस्सीको प्रमुख आतिथ्यत्वमा परियत्तिका विद्यार्थीहरूलाई पुरस्कार एक समारोहबीच पुरस्कार वितरण गरियो । अनागारिका रूपशीलाले विद्यार्थी तथा शिक्षकशिक्षिकाहरूलाई पोसाक प्रदान गर्नुभयो । बिना गोपालीको नेतृत्वमा परियत्ति विषयक ज्ञानमाला गीत गाइएको सो समारोहमा मंगल श्रेष्ठले स्वागत गर्नुभयो ।

## अतीतका गौरव - नालन्दा प्रकाशित




भक्तपुर । थेरवाद बौद्ध जगतमा जीवनीकारका रूपमा परिचित हस्ताक्षर रत्नसुन्दर शाक्यको ३० औं कृति **अतीतका गौरव-नालन्दा** विषयक पुस्तक प्रकाशित भएको छ । सम्राट कनिष्क, महान चीनिया यात्री फाहियान, संघनायक भिक्षु शाक्यानन्द महास्थविर, संघनायक भिक्षु सुबोधानन्द महास्थविर, नेपालका ज्येष्ठ अनागारिका त्रय, अग्रश्रावक - अस्थिधातुयात्रा, प्राचीन नालन्दा विश्वविद्यालय, प्राचीन विक्रमशिला विश्वविद्यालय, राहुल सांकृत्यायनको पहिलो श्रीलंकायात्रा, राहुल सांकृत्यायनको पहिलो तिब्बतयात्रा गरी १० वटा विषयलाई समेटिएको छ । विभिन्न पत्रिकामा समय समयमा प्रकाशित तथा अप्रकाशित लेखरचनाको संग्रहका रूपमा ८६ पृष्ठको रंगीन कलेवरमा प्रकाशित सो पुस्तक दिवंगत भीमराज वज्राचार्यको पुण्यस्मृतिमा उपासिका तेजशोभा वज्राचार्य परिवार, भक्तपुरले धर्मदानको रूपमा प्रकाशन गर्नुभएको हो । प्रस्तुत कृतिमा बौद्ध विद्वान प्रा. सुवर्ण शाक्यले क्रमिक विषयलाई विधागत रूपमा समीक्षा गर्नुभएको छ ।

हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

नेपाल सरकार

सूचना तथा संचार मन्त्रालय

**सूचना विभाग**